'नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स'

# अर्हत

वर्ष ३, अंक २ | बुद्ध सम्वत् २५५९ | ने.सं. ११३५ गुँलाथ्व | वि.सं. २०७२ भाद्र १२, गुन्हीपुन्ही



# पञ्चशील प्रार्थना

उहाँ भगवान अरहत सम्यकसम्बुद्धलाई नमस्कार (३)
म बुद्धको शरणमा जान्छु,
म धर्मको शरणमा जान्छु,
म संघको शरणमा जान्छु,

दोस्रोपल्ट पनि बुद्धको शरणमा जान्छु,
दोस्रोपल्ट पनि म धर्मको शरणमा जान्छु,
दोस्रोपल्ट पनि म संघको शरणमा जान्छु,

तेस्रोपल्ट पनि बुद्धको शरणमा जान्छु,
तेस्रोपल्ट पनि म धर्मको शरणमा जान्छु,
तेस्रोपल्ट पनि म संघको शरणमा जान्छु,

म प्राणी हिंसा गर्ने काम छोड्ने शील राम्ररी पालना गर्छु ।
म चोरी गर्ने काम छोड्ने शील राम्ररी पालन गर्छु ।
म कामरागको विषयमा नराम्रो आरचण गर्नेछैन ।
यो शील राम्ररी पालन गर्नेछु ।

म झूट कुरा बोल्ने बानी छोड्ने शील राम्ररी पालन गर्छु ।
म बेहोसको कारण हुने रक्सी, जाँड आदि लागूपदार्थ
सबै छोड्ने शील राम्ररी पालन गर्छु ॥

*साभार*

**श्री महामञ्जुश्री गुरु गुठी संस्थाको गोजीपात्रोबाट**

# अर्हत

त्रैमासिक

वर्ष ३ | अङ्क २ | पूर्णांक १७ | नेसं.११३५ गुंलाथ्व

शक सं. १९३७ | २०७२ भाद्र १२ | बुद्ध सं. २५५९

**सल्लाहकार**

रत्नसुन्दर शाक्य

जुनु बासुकला रंजितकार

चन्द्रबहादुर उलक

**सम्पादक/प्रकाशक**

उद्धव सुजखु

बौद्ध दर्शन अध्ययन समाजको सहयोगार्थ प्रकाशित

**बजार व्यवस्थापन तथा वितरण**

गोपीकृष्ण प्रजापति

बालमुकुन्द बासुकला

**कम्प्युटर**

सिद्धि डिजाइन डेस्कटप सर्भिस

फोन - ६६१९१०७

**मुद्रण**

भिजन अफसेट प्रिन्टिङ्ग प्रेस प्रा.लि.

बानेश्वर, काठमाडौं

Email: arhattraimasik@gmail.com

सहयोग रु. ३०।-


# सम्पादकीय

नेपालको नयाँ संविधान कुनै एउटा धर्मको पक्षमा हुनुपर्ने धारणा पोख्दै आएको अनुभव बौद्ध दर्शन अध्ययन समाजले गरेको छ ।

हाम्रो नेपाल बहुधार्मिक परम्परा भएको शान्तिभूमि राज्य हो । अहिलेसम्म धार्मिक सहिष्णुताको जग कमजोर भएको छैन । यही जगमा टेकेर नेपाली समाज एक आपसमा मिलेर बस्दै आएका छन् । विगतमा एउटै धर्म, एउटै जाति र भाषाको पक्ष लिने राज्यको नीति भए तापनि अबको नेपाल त्यही स्थितिमा रहन सक्दैन भन्ने हामीलाई विश्वास छ । त्यसकारण राज्यको कुनै जात र धर्म हुँदैन भन्ने विचार प्रति हाम्रो सहमति छ ।

कुनै दर्शनको नीति तथा नियमलाई विश्वास गर्नु र नीति र नियमअनुसार व्यवहारमा लागु गर्नु नै धर्म हो भन्ने लागदछ । धर्मको नाममा समाजमा अन्धविश्वास फैलाउनु, समाजलाई शोषण गर्नु र राष्ट्रको अखण्डता र सार्वभौमिकतामा आँच पुऱ्याउनु राष्ट्र विरोधी हुनु हो । धर्मको नाममा धार्मिक साम्प्रदायिकता फैलाउन दिनुहुन्न । त्यस्तो धार्मिक साम्प्रदायिकता फैलाउने गलत विचारदेखि सम्पूर्ण समुदाय सचेत हुनुपर्दछ । नयाँ संविधान लेख्ने राजनेताहरू कुनै धर्मको पक्षमा उभिनु हुन्न भन्ने हाम्रो मान्यता छ । यदि हाम्रो संविधान कुनै एउटा धर्मको पक्षमा उभियो भने बुद्धको आँखाबाट आँसु झर्दैन र ?

नेपालको संविधान विदेशी शक्तिहरूको दबाबमा लेखिनु दास मानसिकता हो । दास मानसिकताले नेपाल र नेपालीको भलो हुँदैन । नेपाल विविध भाषा, जाति, धर्म र संस्कृतिले सिङ्गारिएको देश हो । यसलाई हामीले जीवन्त राख्नुपर्दछ । धार्मिक हस्तक्षेपले कुनै पनि भाषा र संस्कृतिलाई आँच पुऱ्याउने काम गर्नु र गराउनु हुँदैन ।

*पाठक मित्रहरू !*

बैशाख १२ र २९ गते आएको महाभूकम्पबाट नेपाल र नेपाली जनताले जन धनको ठूलो क्षति बहोर्नु पऱ्यो । मानिसहरूको गाँसबासको ठेगान भएन । एकै क्षणको कम्पनले सहर र गाउँ मैदानमा परिणत भए । सुख र शान्तमा जीवन बिताइरहेका कैयौं परिवारजनहरु आफन्तहरूसँग बिछोड हुन बाध्य भए । सबैले नचिताएको वियोग झेल्नु पऱ्यो । तर सधैं दुःखमा अल्झिरहनु मनासिव होइन । त्यसकारण दुःख र चिन्तालाई बिर्सी एक आपसमा सहयोगको भावना जगाऔं ।

आफ्नो मनभित्र कुनै लोभ पसेको छ भने त्यसलाई तुरुन्त त्यागौं । भूकम्पबाट विनास भएका आफ्ना सहर गाउँ र टोलहरू पहिले जस्तै सफा राखौं ।

भर्तृहरि नीतिमा भनिएको छ –'जतिसुकै आपत्तिमा परे पनि धैर्यवान व्यक्तिको धैर्यरुपी गुणलाई डगाउन सकिँदैन जस्तो अगुल्टोलाई तलतिर फर्काएर समाते पनि आगोको ज्वाला माथितिर नै लागदछ ।'

अस्तु

# बुद्धको व्यक्तित्व

*भिक्षु अश्वघोष*

व्यक्तित्व भन्दाखेरी मुख राम्रो, फुर्तिलो, राम्रो कुरा बोल्ने, विद्वान र पैसा भएको व्यक्तिलाई मान्ने चलन आजकल देखिन्छ । यहाँ बुद्धको व्यक्तित्वबारे भन्न लागेको यस्तो कुरोलाई लिएर होइन । गौतम बुद्धसँग भएको केही विशेष गुणको विषयमा लेख्न लागेको छु ।

***१) बुद्ध दार्शनिक होइन, प्रत्यक्षदर्शी अनुभवी हुनुहुन्छ-***

दार्शनिकहरूले धेरै टाढा र अदृश्य विषयहरू सम्बन्धी कल्पना गरिरहन्छन् जस्तै– यो संसार कहिले सृष्टि भयो होला । यसैगरी आत्मा, परमात्मा, पूर्वजन्म र पुनर्जन्मबारे उनीहरू कल्पना गरिरहन्छन् । सुनेको कुरामा विश्वास गर्छन्, अनुभव गरेर हेर्नुपर्ने हुँदैनन् । अनुभवमा विश्वास गर्नेले आँखाले नदेखिकन र अनुभव नगरेसम्म विश्वास गर्दैन । उसले आँखाले नदेखिकन र अनुभव नगरेसम्म विश्वास गर्दैन । उसले आँखाले देख्ने र अनुभव गर्ने प्रयास गर्छ । विचारमात्र गर्नेले प्रयास गर्दैन, देख्दा पनि देख्दैन । महामानव बुद्ध दर्शनमा अल्झिरहन मन पराउनु हुन्न । दर्शनमा नअल्झिनेले सत्य देख्छ । दुःखबाट मुक्त हुन्छ । अल्झेर कल्पना गरिरहँदा पागल हुन सक्छ भन्ने बुद्धको विचार हो ।

***२) बुद्ध परम्परावादी होइन, मौलिक रुपका विचारक हुन-***

पहिलेदेखि आमा-बाबु, गुरु र जेठा पाकाहरूको कुरा सुन्ने र नेताहरूको अनुकरण गर्ने मानिसको बानि र संस्कार हो । तिनीहरूले भनेको मानेन भने आचार,



भिक्षु अश्वघोष

अनुशासनहीन र पाप सम्झने तर सिद्धार्थ गौतमको बालक उमेरदेखि बुद्ध बनिसकेपछि पर्यन्तको जीवनका घटनाहरू अध्ययन गर्दा बुद्ध परम्परावादी होइन भन्ने देखिन्छ अर्थात् बुद्ध परम्परा र रुढीबादीको विरोधी हुनुहुन्थ्यो भन्ने देखिन्छ । गौतम बुद्धले नयाँ विचारधारा ल्याउनुभयो ।

बुद्धकालीन समाज ब्राम्हणबादको छत्रछायाँमा परेको थियो । त्यस्तो बेला बुद्ध जन्मनु भयो, त्यसबेला बुद्धले ठूलो सामाजिक र सांस्कृतिक क्रान्ति गर्नुभयो तर क्रान्तिभन्दा फ्रान्स र रुस आदि देशमा जस्तो रगतको खोला बग्ने क्रान्ति होइन विचार र हृदय परिवर्तन अनि स्वतन्त्र चिन्तनको क्रान्ति । अर्को किसिमले भनूँ भने समाजमा रहेको रुढीवादी विचारमा परिवर्तन ल्याउने क्रान्ति । बुद्धको सांमाजिक र सांस्कृतिक क्रान्ति त्यो बेला त्यतिको प्रभावकारी नभए पनि उहाँको परिनिर्वाणको २१८ वर्षपछिका राजा अशोक गौतम बुद्धको सांस्कृतिक क्रान्तिकारी विचारधारादेखि अति प्रभावित भए । महाराज अशोकले दरवारमुखी हुन छोडी प्रजामुखी भएर बुद्धको बहुजन हिताय, बहुजन सुखाय अभियान सफल गरिदिए । बुद्धकालीन कोशल र बिम्बिसार आदि राजाहरूले बुद्धलाई चिन्न सकेनन् र बुद्धको सांस्कृतिक क्रान्तिलाई अँगाल्न सकेनन् ।

अब, बुद्ध परम्परावादी होइन भन्ने कुरा बुझ्नलाई एक दुइवटा घटना स्मरण गरौं । साधारण त्यागी हुन्छु भन्नेले विवाह गर्दैन तर बुद्ध हुने सिद्धार्थ कुमारले विवाह

गरेर एउटा छोरा पनि पाए । फेरि छोरा पाएको खबर सुन्ने वित्तिकै खुशी नभई त्यसलाई राहु (बाधा) उत्पन्न भयो भन्नुभयो । अरु जस्तै छोरा पाएर खुशी हुनुभएन ।

सिद्धार्थले धेरै तपस्वी र ऋषि, गुरुहरूसँग बसेर उनीहरूलाई छोडेर जानुभयो । तिनीहरूका शिक्षा र सिद्धान्तदेखि उहाँलाई चित्त बुझेन । सिद्धार्थलाई चाहिने ज्ञान तिनीहरूसँग छैन । तब आमा बाबु र गुरुलाई पनि छोडेर जानुभयो ।

बुद्ध बनिसकेपछि कपिलवस्तुमा उहाँ भिक्षटनमा जानुभयो । यो कुरा सुनेर शुद्धोदन महाराजले हतारेर गौतम बुद्धकहाँ गएर सोधे–राजसंस्कृति र परम्परालाई किन अपमान गर्नु भएको ?

गौतम बुद्धको जवाफ हो– महाराज, अब मेरो संस्कृति राज संस्कृति होइन । अब मेरो परम्परा राजपरम्परा होइन । मेरो परम्परा र संस्कृति श्रमण परम्परा र जनसंस्कृति अनि समता संस्कृति हो । त्यसैले कुनै भेदभाव नगरीकन जनताको घर घरमा गएर भिक्षा माग्न गइरहेको छु । पहिलेदेखि पुस्तकलाई देववाणी सम्झने र गुरुले भनेको कुरा सत्य मान्ने परम्परालाई तोडेर कसैको कुरा सुन्ने बित्तिकै पत्याउनु हुँदैन, चाहे ठूला धर्मगुरु किन नहोस् चाहे बुद्ध नै किन नहोस् । बुद्धको विचार अनुसार पहिले ठीक छ छैन, हुन्छ वा हुँदैन, विचार गरेर, बुझेर मात्र त्यसलाई शिरोपर गर्नुपर्छ । अरु भगवान भनाउँदाहरूले मेरो कुरा सुन्नै पर्छ, मेरो शरणमा आउ, अनि मात्रै मुक्त हुन्छ भन्छन् ।

बुद्धले त्यस्तो भन्नु भएन । मेरो शरण होइन आफ्नै शरण जाउ । आफ्नो भरोसा आफै बन, आचरण राम्रो पार अनि दुःखबाट मुक्त हुन सक्छ । बुद्ध अनीश्वरवादी र अनात्मावादी हुन् । बुद्धले ईश्वर छैन र मान्नु पर्दैन, आत्मा नित्य होइन अथवा अनात्मवादीको कुरालाई अगाडि राखेर ब्राम्हणवादलाई गम्भीर प्रहार गर्नुभयो । जन्मले कोही ब्राम्हण हुँदैन, कोही नीच पनि हुँदैन । आफ्नै कामले नै मानिस ब्राम्हण अथवा नीच हुन्छ भनी गौतम बुद्धले परम्परावादीलाई तोड्नुभयो र जातिवादको विरुद्ध क्रान्तिको पाइला चाल्नु भयो ।

***३) गौतम बुद्ध शास्त्रीय होइन, अनुभवी हुनुहुन्छ–***

महामानव बुद्ध धेरै पुस्तक पढेर परीक्षा दिई पास गरेर पण्डित विद्वान् बनेको हुनुहुन्न र बुद्धिविलासिता देखाउने खालका पनि हुनुहुन्न । उहाँ त शुद्ध व्यावहारिक व्यक्ति हुनुहुन्छ । उहाँले पहिले धर्मलाई वैज्ञानिक प्रतिष्ठा दिनुभयो ।

उहाँले त्यो समयभन्दा पहिले धर्म अन्धविश्वासको चिन्ह जस्तै भइराखेको थियो । उहाँले नर्कको भय र स्वर्गको लोभले धर्म नगर्नु भन्नुभयो । मन शुद्ध गर, अर्न्तमुखी होऊ अर्थात् आफूले आफूलाई चिन, आफ्नो व्यवहार र चाल चलन राम्रो गर, आफ्नो दोष हेर, धेरै विद्वान् हुँदैमा, कुरा गर्न जान्दैमा ज्ञानी र सन्त हुँदैन, चरित्र सुधार गरी व्यवहारमा प्रयोग गर्न सके मात्र ज्ञानी होइन्छ नत्र भने अरुको गाई चराएर दुध खान नपाउने गोठालो जस्तै हुन्छ भन्ने कर्तव्यपरायणताको शिक्षा दिनुभयो । यसरी शिक्षा दिएर नास्तिकहरूलाई पनि धर्म मार्गमा अग्रसर गराउनु भयो । हुनत पाली साहित्य हेरी लग्दा अशिक्षित वर्गलाई उहाँले नरकको प्रलोभन दिएर ठीक ठाउँमा ल्याउने प्रयास गर्ने गरेको देखिन्छ ।

***४) गौतम बुद्ध व्यवहारवादको पक्षपाती हुनुहुन्छ–***

सिद्धार्थ गौतम बुद्ध भइसक्दा पनि समाजबाट अलग्ग हुनुभएन । मानिसहरूको जीवन राम्रो पार्ने मनले चरित्र सुधार र कलह नहुने शिक्षा दिनमा उहाँले धेरै ध्यान दिनुभयो । महापुरुषहरू धेरैजसो घर जग्गा छोडिसकेपछि एकान्त जङ्गलमा जान्छन् र समाजबाट अलग हुन्छन् । बुद्धले आफूलाई कमलको फूलको उपमा दिएर भन्नुभयो– "कमलको फूल हिलोमा फुल्छ र पानीमा डुबेर बस्छ तर कमल हिलो र पानीबाट अलग रहन्छ ।" त्यस्तै बुद्धको जीवन पनि हो ।

यसबाट के बुझिन्छ भने मानिसहरूको जीवन मानव समाजबाट अलग भएर एक्लै आनन्दले बस्नको लागि होइन । यो बुद्धको शिक्षा हो कि समाजमा बसेर समाजलाई गतिशील बनाउने र गतिविहीन हुने कुरा

उहाँले बताउनु भएन । "अभिक्कम मा निवत्त"–अगाडि बढ, नरोक । यो उहाँको उद्घोषण हो । त्यसैले उहाँले आफूले बनाएको नियम सबै ठाउँमा पालन गर्नुपर्छ नभनी ठाउँ हेरी संशोधन गर्न उचित छ भन्नुभयो । उहाँले महापरिनिर्वाण हुनु अघि भिक्षुहरूलाई बोलाएर भन्नुभयो– "मैले तिमीहरूलाई जुन साना साना नियमहरू बनाइदिएको छु पछि तिमीहरू सबै मिलेर छलफल गरी सहमत भए अनुसार परिवर्तन गरे पनि हुन्छ । हुन पनि हो व्यवहारमा प्रयोग गर्न नसक्ने नियम राखिछाड्दा काम आउँदैन । त्यसबाट भ्रममात्र हुन्छ तर पछि संगायना (भिक्षुहरूको धर्मसम्मेलन) भएको बेला नियम परिवर्तन गर्ने कुरामा धेरै जसो भिक्षुहरू सहमत भएनन्, फलस्वरुप थेरवाद र महासांधिक (पछि महायान) भनी दुई सम्प्रदाय अनुसार बौद्ध भिक्षुहरू देखापरे ।

### ५) गौतम बुद्ध क र सिद्धान्तवादी होइन–

शाक्यमुनि बुद्ध महामानव हुनुहुन्छ । साधारण रुपमा धेरैजसो धर्मावलम्बीहरू कट्टर सिद्धान्तवादी छन् । उनीहरूको लागि सिद्धान्त मात्रै महत्त्वपूर्ण हुन्छ, मानवताको महत्त्व हुँदैन । मतलव मानिस धार्मिक सिद्धान्तको लागि हो । यहाँ धार्मिक भनेको साम्प्रदायिक हो । बुद्धले यो कुरा मान्नुभएको छैन । सिद्धान्त र विधान (नियम) एकवर्ग र एक समयको लागि उपयोगी हुन सक्छ । सबैको लागि र सदाको लागि उपयोगी हुँदैन । महामानव बुद्धको भनाइ अनुसार सिद्धान्त र नियम मानिसको लागि हो । मानिस सिद्धान्त र नियमको लागि होइन ।

ब्राम्हणको कुलमा जन्मदैमा ब्राम्हण नै हुनुपर्छ भन्ने केही छैन । बुद्धले भन्नुभयो–जन्मले कोही ब्राम्हण हुँदैन । जन्मले कोही नीच पनि हुँदैन । आ-आफ्नो काम वा क्र्याकलापले ठूलो र सानो हुन्छ । ब्राम्हणदेखि लिएर पोडेसम्मलाई पनि वहाँले आफ्नो भिक्षु संघमा भित्र्याउनु भयो । यसबाट देखिन्छ कि गौतम बुद्धले विधि विधानलाई भन्दा आचरण शुद्धि र मानिसलाई मान्यता दिनुभएको छ । मानिसको हित र भलोका लागि विधान र कानून बनाइन्छ तर हित भएन भने त्यो विधान बदलि दिन्छ । कुनै घटना र कारण नभइकन कानून र नियम बनाईदैन । एकपल्ट गौतम बुद्धका प्रमुख शिष्य सारिपुत्र महास्थविरले प्रार्थना गर्नुभयो– भो भगवान्, भिक्षुहरूलाई संयमित गर्न नियम धेरै बनाउनु पऱ्यो ।

गौतम बुद्धले भन्नुभयो– घाउ नहुँदै औषधी गर्ने ? घाउ भएमा पो औषधी लगाउने गर्नुपर्छ । त्यसैले घटना नहुँदै पछि यस्तो हुने छ भनेर नियम बनाउनु हुँदैन । बरु बुद्ध आफैले ठाउँ हेरी समय अनुसार आफूले नियम बदल्नुभएको छ । यसबाट के देखिन्छ भने गौतमबुद्ध कट्टर विधि एवं नियमवाद हुनुहुन्न । उहाँ त बहुजनहितवादी हुनुहुन्छ । उहाँ बहुजनहित हुने किसिमले मात्र कुरा र काम गर्नुहुन्छ । यो उहाँको व्यक्तित्वको विशेषता हो । उहाँले सर्वजन हिताय भनी भन्नुभएको छैन । यस्तो हुन पनि सक्दैन ।

### ६) बुद्ध बोधवादी हुनुहुन्छ–

बुद्धले पहिले कसैलाई नियममा बस्ने कुरा गर्नुभएन, बरु सम्झाउनु बुझाउनु हुन्थ्यो । बुद्धसँग कुन राम्रो कुन नराम्रो भनी सोधे भने होश राखी बुझी गरेको काम राम्रो र होश नराखी नबुझी गरेको काम नराम्रो भन्नु हुन्छ । थाहा नपाई, नबुझी, होश नराखी पुण्य (धर्म) भनी गरेपनि त्यस्तो कुरा पाप हुन सक्छ । परिस्थिति हेरी हरेक कुरा फरक भएर जाने हुन्छ । प्रमादमा नलाग, अप्रमादी होऊ अर्थात् लापरवाही नहुनु, होशियारी हुनु बेस । यो बुद्धको अन्तिम उपदेश र शिक्षा हो ।

क्रोध भनेको पाप हो कि धर्म भनी सोधेको प्रश्नमा गौतम बुद्ध भन्नुहुन्छ– होश राखी गरेको क्रोध धर्म हुन्छ । जोशमा होश गुमाई गरेको क्रोध पाप हुन्छ । यो कुरा बुझाउन जापानको घटना प्रस्तुत गर्छु । यो घटना मैले "सत्यकी खोज" भन्ने पुस्तकमा पढेको हुँ ।

एकजना जापानी धर्मगुरुले आफ्नो शिष्यलाई भनिराखेको थियो– "कसैलाई मार्नु पऱ्यो भने बेहोशमा अर्थात् आवेशमा परेर क्रोध गरेर नमार ।"

केही दिनपछि एकजना शत्रुले त्यस धर्मगुरुलाई मारिदियो । आफ्नो गुरुलाई मार्नेलाई मारिदिन्छु भनी

तलबारले हान्न लागेको बेला त्यो शत्रुले मुखमा थुकिदियो । अनि तलवार उठाउनेलाई एकदम रीस उठ्यो । अनि नमारी भुईंमा राखी सरासर हिँड्यो ।

शत्रुले सोध्यो– तिमी किन मलाई नमारिकन गएको ?

उसको जवाफ हो– तिमीले मेरो मुखमा थुकिदिंदा-मलाई एकदम रीस उठ्यो । मैले गुरुले भन्नुभएको कुरा सम्झें– "कसैलाई मार्नुपरे रीसले होश गुमाएर नमार ।" मलाई एकदम रीस उठेकोले तिमीलाई नमारेको हुँ ।

यहाँ रीस उठेपनि होश भएकोले पाप भएन । होश नभएको भए अनि गुरुको शिक्षा बिर्सेको भए त्यसले शत्रुलाई तलवारले टाउको काटिसक्थ्यो होला ।

कसैले भन्न सक्छ कि क्रोध भनेको कुनैपनि ठीक छैन तर कहिले काहीं बुद्ध पनि रिसाउनु भएको छ । बुद्धलाई रिस उठेको घट्ना पालि साहित्यमा धेरै ठाउँमा पाइन्छ, तर अरुको भलाई गर्न र सुधार गर्नलाई मात्र उहाँ रिसाउनु हुन्छ । त्यसबेला होश राख्नुहुन्छ । त्यसैले सबैको क्रोधलाई नराम्रो भन्नुहुँदैन । होश नभएको रीसमात्र पाप हुन्छ । जस्तै जोशमा होश उडाएर आँखा नदेख्ने गरी रिसाउनु नराम्रो हो । विवेकी आमा बाबुले आफ्ना बच्चाहरूलाई गालि गर्दा तिनीहरूको भलाईको लागि क्रोध गर्छन् । अपवादस्वरुप कोही कोही अविवेकी आमा बाबुले रीस उठ्दा होश हराई आफ्ना छोरा-छोरीहरूप्रति अनर्थ गर्ने पनि छन् । त्यस्तै गुरुहरू पनि छन् । अंगुलिमालका गुरुले पनि अविवेकी भएर शिष्यलाई ज्यानमारा बनाइदियो । जे भए पनि बुद्धले आफू बोध भए जस्तै अरुलाई पनि बोध गर्नुहुन्छ ।

बौद्ध साहित्यिक पत्रिका अर्हत नियमित प्रकाशनमा सफलता मिलोस् भन्ने कामना गर्दछ ।

भक्तपुर इँटा उद्योग व्यवसायी संघ

जगाती, भक्तपुर

# शुक्रराजया अबुनाप संवाद

✍ भिक्षु महाप्रज्ञा

छकः कालिम्पोङ्य् प्रज्ञा चैत्य महाविहारय् च्वनाबले अनया राइ साहेब मदनकुमार प्रधानया गृहय् आदिभक्त सुब्वा (शुक्रराज शास्त्रीया ससःबौ, राइ साहेबया नं ससःबौ) म्हृयाय् याथाय् वयाच्वंगु जुयाच्वन । व आदिभक्तं जितः आशन छगू नं दयेकातःगु दु । गुगुली जि वनेबले च्वनेया निंतिं खः ।

वहे छेँय् छन्हु शुक्रराजया पिता माधवराज शास्त्री पाहुना जूवल । आदिभक्त व माधवराज सम्धी सम्धी निम्ह छगू हे कोथाय् च्वन । छन्हु मांधवराज जिगु आशनय् फ्यतुत । आदिभक्तं -"सम्धी साहेब ! आम आशन न्हय-नेलाःपिं च्वने मज्यू । थुखे खाताय् भासँ ।" धाल ।

माधवराजं-"छाय् सु च्वनीगु थ्व आशनय् ?" धाधां दनाः खाताय् च्वंवन ।

आदिभक्त-"थन च्वय् पर्वत च्वकाय् प्रज्ञा चैत्य महाविहारया अध्यक्ष महाप्रज्ञा धयाम्ह भिक्षु थन बिज्याइबले च्वनीगु ।"

माधवराजं-"उजाःम्ह नं थुलि मान्यवर जुइला ? स्वधर्मयात लात नकाः परधर्म स्वीकार याइम्ह । उकेंजा चन्द्र शम्सेरं देशं पिने पितिना छ्वयातःगु । जिं नापलाःसा वैत थाथा यायेमानि ।" धकाः धाल । उगु बखतय् जिथाय् यलयाम्ह ल्हासा नेवाः त्रिरत्न धयाम्ह बज्राचार्य छम्ह च्वनाच्वंगु दु । वसपोल नं आदिभक्तयागु ज्वहारात कयाः उखेंथुखें साहुपिंथाय् म्यू जुइगु जुयाच्वन । छन्हु त्रिरत्न बज्राचार्य या साथय् माधवराज शाश्त्री नं त्रिपाई डाँडाया शमशानपाखें चाःहुलाः प्रज्ञाचैत्य महाविहारय् दुहाँभाल । जिं नं 'भासँ, दिसँ' धका स्वागत याना । त्रिरत्न बज्राचार्य माधवराज शास्त्री नं फ्यतुत । माधवराज शास्त्री छम्ह आर्य समाजी जूया निंतिं मूर्ति नमस्कार मयाः ।

शास्त्रीजीं-"गौतम बुद्धयागु नियम नीति फुक्कं बांलाः, सिद्धान्त छता मखुगु लात ।"

जिं- "छाय् ? गुगुकथं सिद्धान्त मखुगु लात ?" धकाः न्यना ।

शास्त्री- "व का ! गुगु संसार श्रृष्टि याना क्यनातःगु भीसं खना हे च्वना । वहे श्रृष्टिकर्ता परमेश्वर ईश्वरयात ध्व गौतमं माने मयाः । अले छु खःगुली लात ला ?"

जिं- "बाज्या ! ध्व जितः मयःगु, दुःखं गबलें मप्वंगु, मयः मयः कथं जुया वइगु संसार ईश्वरं छाय् दयेकूगु ?" धकाः न्यना ।

शास्त्रीं- "वहे ला छिपिं मचात तिनि । छुं हे स्यूपिं मखुनि हुँ । गुरुकुलय् वनाः विद्या अध्ययन याः हुँ, अले तिनि ज्ञान दइ ।"

जिं- "बाज्या ! छियें जाःम्ह गुरुकुलय् विद्या अध्ययन यानाः शास्त्री जुयाभाःम्ह, थःगु मातृभाषां उपदेश याइम्ह । जिगु भाग्य न्ह्वयःने दुगु त्वःताः थाय् मस्यू, म्हमस्यू, भाय् मस्यू थाय् वनेमानि ला ? छिं हे दया तयाः कनादीसा गाहे गाः ।"

शास्त्रीं- "छु कनेगु छथिंज्याःपिं मूर्खतय्त । सर्यान्त मिखाया न्ह्यःने खने दयेक क्यनातःगु श्रृष्टियात हे नं विश्वास मदुपिं मूर्खतय्त छु कनेगु ।"

जिं- "बाज्या ! श्रृष्टि जुयाच्वंगु जिं नं खनाच्वना । ध्व श्रृष्टि याःम्हसें श्रृष्टियागु कारण छगू अवश्यं दइ । व कारण छकः कनादीसा जिथिंज्याःम्ह मूर्ख अवश्यं बोध जुइगु खइ । बाज्या ! तंचाया दीमते । ज्ञान दुपिं पण्डितपिंके

क्रोध मदयेम्गा:गु छिके गथे क्रोध पिहांवल ? बाज्या । श्रृष्टिया कारण छक: तंमचासे कनादिसँ ।"

जिं वय्क:यात कारण छक: विचार याकेगु आशां गुलिखे हे जोर याना । वय्कलं विचार यायेगु वास्ता हे मयासे सिर्फ- "ईश्वर मानेमया:" धैगु छगू जक ज्वना: "मूर्ख, मचात, बालख" जक धया: भोके जुयाच्वन । जिं धया कि- "म्वा:ल बाज्या ! छिके च:ति वल, तकलिफ जुल । आ: हालादीम्वा:ल । छिं थपाय्च्व: मिहिनत याना: जिगु उपरय् दयातया: उपदेश यात नं जिं थुइका काये मफुगु गथे जुया: ?" धका: न्यना ।

"तपस्या मगा:गु का मूर्ख !" धका: हक्कल ।

"ठीक ख: बाज्या ! छित: जिं हेतु ज्ञानयागु सुभाव हे बियां नं छिं थुइकेगु शक्ति मदु । छि नं तपस्या मगा:गु हे खइ का ।" धया ।

शास्त्री जीं झोंक पिकाल । गरमं च:ति खलखल पिकया: शिरय् हिनात:गु म्हासुगु पगरी काचाक्क त्वता: ई हे छ्वाराक्क वयका भोके जुल कि-

"उल्लु ! जित:- "तपस्या मगा:म्ह" धायेगु पावर गनं वल छंके ? जि सु ? म्हस्यूला छं ? मनपरी धायेमते छं । म्हुतु सम्हालय् याना: खँ ल्हा छं" धका: धाल ।

जिं वय्क: यात काचाक्क घय्पुना: धया- "बाज्या ! तंचाया दीमते । जिथाय् थौं छि पाहुना ख: । दु:ख बी धुन । तंचाया दीमते । ग्वा: भपी ला ?" धका: ह्ययेका न्यना-

"नये छाय् मने । जि तंचायागु मखु । छन्त ज्ञां बियागु का स्यूला ?" धका: च:ति हुहुं धाल ।

जियासं लिहांवना: माधवराजं आदिभक्त सुब्बायात कंवन- "हुँ ! छिकपिनि महाप्रज्ञा धा:म्ह जा रहे का, छुं हे स्यूम्ह मखु, न्ह्ययाक्व हे कंसा नं ज्ञानयागु खँ थूम्ह नं मखु ।"

आदिभक्तं त्रिरत्न गुरुज्युयात स:ता: धाल-

"गथे ए गुभाजु ! जिमि सम्धी साहेबं जा थथे धाल ले ।"


त्रिरत्न गुरुज्युं- "सुब्बा साहेब, अन वय्क:पिं सम्बाद जूथाय. जि दु । वय्क:पिनि खँ जूथाय् छु छु खँ जुल व जिं स्यू । यदि छिं न्यनादी य:सा- महाप्रज्ञायात थन स:ता: छिगु न्ह्यय:ने तया: सम्बाद याकादिसँ । अले महाप्रज्ञा गुलि ग्यंम्ह ख: छिं स्यू ।" माधवराजं जरंग तं पिकया:- "खुब स:म्ह का छिमि महाप्रज्ञा" धका: तमं जुरुक्क दना: खाताय् थहांवंगु तुति चोग्वला: खातां कुतुंवल । खातायागु नकिनं खम्पा चिरे जुल । डाक्टर स:ता: वास: यात । घा: मलावं नेपा: पाखे झाल । (महाप्रज्ञाया आत्मकथापाखें)

> गरिबी अवस्थामा मुट्ठीभर पीठोको पनि चाहना हुन्छ। त्यसपछि (धन सम्पन्न भएमा) उनै मानिसले पृथ्वीलाई समेत तृणसमान ठान्दछन्। त्यस कारण संसारमा धन धेरै-थोरै जे जति के कति हुनुपर्दछ भन्ने एकै नाशको कुनै निर्धारित स्थिति (नीति) छैन। धनीवर्गको वर्तमान अवस्थाले नै सांसारिक वस्तुलाई ठूलो र सानो बनाइदिन्छ।
>
> *साभार भर्तृहरि-नीतिका अर्ध शतकबाट*


प्रो. कृष्णगोपाल शिल्पकार
मो.नं. ९८४१४७२९५९



प्रो. शिवराम शिल्पकार
मो.नं. ९८४१६१०१६२





यसका झ्याल, सँझ्याल, बुट्टादार ढोका तथा विभिन्न थरिका काठबाट बनेका सामानहरू आवश्यक परेमा हामीलाई सम्झनुस् ।

DATTATRAYA WOOD
CARVING CENTRE
Tachapal-3, Bhaktapur, Ph: 6617048

# Bhikshu Amritananda

✍ *H.L. Singh*

Ven. Amritananda was one of the pioneer monks of Nepal who not only strongly laid the foundation of Theravada Buddhism in Nepal but also worked hard to see the spread of the teachings of the Buddha throughout the world. His was a life of dedicated missionary work. He dedicated his life to the cause of Buddhism in Nepal and elsewhere.



आचार्य भिक्षु अमृतानन्द महास्थविर

An indefatigable traveler he visited many countries of Asia and the world and worked for the propagation of Buddhism. An indefatigable writer, he wrote over 80 books in Newari, Nepali and English. The most remarkable works he published were the translation of the Tripitaka texts with the commentaries in Nepali.

He was gifted with charismatic personality and, thus, he was able to win the entire Nepalese people, Buddhist, Hindu and other people belonging to different faiths. His cordial contact with the Royal family of Nepal was most outstanding. The king of Nepal was officially recognized as the avatar (incarnation) of Lord Vishnu, one of the Hindu Trinity. Buddhism that prevailed in Nepal at that time was of Mahayana type. Monks in yellow robes with begging bowls in hand were a rare thing in Nepal. In such circumstance it is but natural that the foundations of Theravada Buddhism in Nepal should be weak. But due to his charismatic personality, he won the friendship of kings of Nepal, Tribhuvan, Mahendra and Birendra. In course of time, situation became favourable and the people became familiar with Theravada Buddhism due to the establishment of monasteries and vihars, the activities of Nepalese monks and international Buddhist contacts. Lumbini, the birth place of Buddha, was visited by an increasing number of foreigners. Bhikshu Amritananda succeeded in organising the First World Fellowship of Buddhists in Kathmandu in 1956.

Born in a Shakya family at Tansen, Palpa districe, in the Lumbini Zone in 1918, he was not much educated in the ordinary sense of the term. He was already impressed by sight of Buddhist monks in Kusinagara, india, the sacred place where the Buddha attained parinirvana. It appears that the death of his mother and his grandfather when he was very young made him averse to worldly life and pleasure. This might be the reason why he went to Kushinagar. There he saw a monk with his own eyes. Knowing the feeling of renunciation in his mind, an advice was given to his family to get him marriage soon. But the marrige did not prolong . A year after his Marriage chandramani Mahasthavir who ordained him on August 2, 1936.

In the initial years of his life as novice, he visited Burma and Sri Lanka. In Sri Lanka he studied the Pali canon in Colombo in 1937. Then, he became a full-fledged Bhikshu after the

upasampada (higher ordination) on Janaury 25, 1940.

From 1940 to 1990, he led the Theravada movement in Nepal braving various odds and ends and struggling to steer ahead the movement in the hostile environment by establishing himself at Anandakuti, Swayambhu.

On July. 30, 1944, eight monks were expelled on the charge of preaching Buddhism. This expulsion proved a blessing in disguise as the voice raised against this expulsion by Buddhists of Nepal and India and the Mahabodhi Society of Calcutta culminated in the formation of Dharmodaya Sabha at Sarnath in 1944. He was elected General Secretary of this organization.

Some of the notable achievements of Amritananda were a goodwill mission from Sri Lanka under the leadership of Venerable Narada Mahathera of Sri Lanka to Nepal in 1946, and the reception of the sacred relics of the foremost disciples of the Buddha, Sariputra and Maudgalyayana, brought from Calcutta in 1951, by King Tribhuvan. King Mahendra visited Lumbini in 1956 for the first time. He organized the conference called World Fellowship of Buddhists in 1956. This conference participated by about 50 countries was inaugurated by King Mahendra. He founded the Anandakuti Vidyapith, a Buddhist high school, in 1952 and the Ananadukuti Science College in 1965.

He was also instrumental in the formation of Lumbini Development Trust in Kathmandu in 1986. The same year, he organized another 15th Conference of World Felloship of Buddhists.

In 1955, Bhikshu Amritananda was nominated a member of the Bodhagaya Temple Advisory Board by the Government of India on behalf of Nepal.

Amritanand's life was evenful throughout. Various scholars differed as to his significant achievements. Some scholars opined that the most significant of Ven. Amritananda was his success in listing the support of King Tribhuvan to promote the cause of Buddhism in Nepal. Satya Narayan Goenka saw in Ven. Amritananda a walking encyclopedia of Theravada Buddhism. Writer Ria Kloppenborg argued that he used his diplomacy and reputation to the advantage of the Theravada cause.

Ven. Amritananda was also a man of ideas. As an exponent of Pali literature anauthor of a large number of books based on the Pali literature, it is but natural that he should be full of ideas on the Buddha's life and thoughts. He held the view consistently that the Buddha propounded completely a new philosophy at Anatma and revolted against the Sanatana Dharma and orthodoxy.

Amritananda was virtually an international figure working like a Buddhist missionary. He not only travelled many Buddhist countries and non-Buddhist countries by way of attending Buddhist conferences, but also made the travel a vehicle of strengthening the cause of Buddhist movement. He met world Buddhist leaders, Scholars and statesmen and had an exchange of views with them for the promotion of world peace through Buddhism. But everywhere he went, he went with a mission to learn and work for the Buddhist cause.

In 1950, he worked for Prof. Guiseppe Tucci, the renowned orientalist and Buddhist scholars of Italy, in a research programme at the institute Italian Per Il Medio Estremo Oriente. He went to London as a guest of the Buddhist Society. He taught Pali there. He studied the Russian language in the Moscow University for nearly one year.

Apart from the recognition of his outstanding contribution in Nepal, he was also conferred honorary titles, medals, etc. by the Buddhist academies and Universities.

**He passed away due to cardiac arrest at the Anandakuti Vihar on August 21, 1990.**

आषाढ पुन्ही

# आषाढ पुन्हीः छगू परिचय

✍ भिक्षु सुदर्शन

बौद्ध-जगतय् दकसिबे तःधंगु दिं स्वांयापुन्ही खः । वयां ल्यू आषाढ-पुन्ही वइ ।

आषाढ-पुन्ही खुनु न्यागू प्रसिद्ध संयोगया घटना दु । घटनां क्वाःगु स्मृति बी, बल्लाक ज्या यायेत तिबः बी । उकिं हे थ्व दिं तःसक उत्तम जू ।



भिक्षु सुदर्शन

गुगु दिनय् गुगुं ज्या यायेवं तःधंगु धर्म लाई, तःधंगु पाप लाइ धयागु पत्याः बौद्ध-विचारय् मदु । पुण्य न्ह्याबले याःसां पुण्य, पाप न्ह्याबले याःसां पाप । अझ गुगुं दिनय् गुगुं ज्या यायेवं थःम्हं यानागु पाप फुना वनी धयागु पत्याः ला झन हे बौद्ध-विचारय् मदु । उकिं आषाढ-पुन्हीया मू नं थुकथं हे खंकेमाः ।

***मांया गर्भय् बोधिसत्त्व***

आषाढ-पुन्हीखुनु बोधिसत्त्व मांया गर्भय् च्वं बिज्यात । आषाढ-पुन्हीया न्हापांगु संयोगया बाखं थ्व हे खः ।

न्हापा आषाढ-पुन्हीखुनु तःधंगु जात्रा उत्सव आदि जुइगु खः । कपिलवस्तुस नं थ्व उत्सव जुया च्वन । छन्हु थ्व हे उत्सव सिधःगु चान्हय् महामाया देवीं म्हगसय् खन, "तुयूम्ह किसि वया थःगु जवगु याकप्वालं दुहाँ वन ।" थ्व स्वप्नया फल वर्णनय् शुद्धोदनयात धाल, "छिपिंत पुत्ररत्न प्राप्त जुइ ।"

थ्व हे स्वप्न-फलया लिधंसाय् स्वप्न जूगु चा आषाढ-पुन्ही खुनु जुया थथे धाः वन, 'आषाढ-पुन्ही खुनु बोधिसत्त्व गर्भय् च्वं बिज्यात ।' बोधिसत्त्व सिद्धार्थया जन्म झिला पुवंका जुल धयागु उल्लेख सर्वमान्य खः । थुकथं नं वसपोल गर्भय् च्वं बिज्याःगु आषाढ पाखे लाःगु क्यना च्वं ।

सिद्धार्थया जन्मं लिपा वसपोल नीगुदँ लाय्कुली हे च्वना बिज्यात । थ्वया अर्थ नीगूगु आषाढ-पुन्हीया दिं लाय्कुली हना बिज्यात धयागु नं खः । तर दथुया छुं विवरण खने दः मवः । छखें ला बुद्धं थःगु जीवनी गनं छथाय् च्वना पुवंक कना बिज्याःगु हे नं मदु । मेखें सम्पूर्ण बुद्ध-जीवनीया पूर्ण संकलन छथासं त्रिपिटकया अंग जुया च्वगु नं मदु । उखें थुखें चिच्चा दंगु उदाहरण रुपया, संस्मृति रुपया बुद्धयागु स्वकथनं बुद्ध-जीवनी संकलित जुइबले धाःसा लाय्कूया तहाकःगु विवरण प्राप्त मजू ।

***महाभिनिष्क्रमण-***

सिद्धार्थ थः नीगुदँ क्यंगु आषाढ तकं यक्वं मनूया दुःखया साक्षात्कार याना बिज्यात जन्म, जरा, व्याधि व मरणया दुःख माप नं बांलाक साक्षात्कार जुल । सिद्धार्थ लाय्कू तोता वनेगु निर्णय यात । थुखे सिद्धार्थयात बन्धनय् तयेत यक्व नृत्य गीत याइपिं मिसातयेसं चाःहीका तःगु । तर सिद्धार्थ अःखः इमिगु निद्रावस्थाया अस्तव्यस्तता झन विराग हे जक क्या बिज्यात ।

सिद्धार्थ बाचा इलय् दना सःता बिज्यात, 'अन सु दु ?'

लुखा लिकसं स्वहानेयाथाय् च्वना च्वंम्ह छन्दकं लिसः बिल, 'थन जि छन्दक दु' । सिद्धार्थ छन्दकयात

थ:गु विचा: न्यंकल । हानं कन्थक सल कायेके छ्वत ।

थुखे थ:गु मनय् थ:म्ह पुत्रया ख्वा: स्वयेगु मती वल । अले राहुल-माता च्वना च्वंथाय् बिज्यात । तर विचा: लुल, 'थथें जिं राहुल काये, देवीं न्ह्यल चायेकी । जिगु निष्क्रमयणय् बाधा जुइ । उकिं सम्बोधि लाये धुंका जक का: वये ।' छगू अट्ठकथाया उल्लेख कथं अबले राहुल न्हेन्हु तिनि दुगु ख: । हानं बुद्धया जीवनी विशुद्धिकरण यायेगु व विरह रस परिपाक यायेगु कुत: या:म्ह छम्ह श्रद्धालु भद्रकल्पावदानया कवियां कल्पनां ध्व हे ईयात मेपाखे छ्वयां बिल । गुगु कल्पनाय् जातकीय विशुद्धतापूर्ण उल्लेखं प्रेरित याना त:गु दु । धात्थें धा:सा पालि वाङ्मयय् प्राप्त बुद्ध-जीवनी व संस्कृत वाङ्मयय् प्राप्त बुद्ध-जीवनी थनं निसें भिन्नताया सृजना जुइ । ललितविस्तरया श्रद्धालु कविं सिद्धार्थ लिसे लिसें थ: वना लाय्कुली लिफ: स्वयां च्वनेत तकं फुर्सत मका: । बोधिसत्त्वया अन्वेषण, अध्ययन व तपस्याय् हे थ:गु काव्य-प्रतिभाया श्रद्धाञ्जली छाया च्वन । शायद ध्व हे उपेक्षां तिक्क मिना हानं भद्रकल्पावदानया काव्य-रसधा: न्ह्यात । गुगु श्रद्धालु नुग:यात साब हे तृप्तदायी जू । बौद्ध-आदर्श व गुणया शैली पिहाँ वना च्वंगु, तथ्यं धाइ, व सत्यानुन्वेषकया छ्मखु विषय । सर्वसाधारणया श्रद्धा परियाक्या जक विषय ख: ।

य:गु थजु बुद्ध-जीवनी ध्व हे थाय् बांलागु संघर्षया थाय् ख: । शुद्धोदनया ब्याक्क बन्धन तयेगु कुत:या प:खा:, पित मछ्वयेगु इच्छा, लौकिक आकर्षणया बल, सांसारिक माया ममता व कर्तव्यया आह्वान छखे, बोधिसत्त्व याक:चा छखेया संघर्षया ध्व अवस्थाया चित्रण बौद्ध श्रद्धालुपिंसं सारै हे बाबांलाक या: । ख नं बोधि वृक्षया क्वय् मारविजय अन्तिम विजय व कठिन-विजय जुया नं व अन्तरमुखी ख: । उकिं बुद्ध-जीवनी बोधिसत्त्वया ध्व गृह-त्यागयात 'महाभिनिष्क्रमण' धका धाइ ।

लाय्कूया प:खा व लुखादुवा: पुला सिद्धार्थ पिहाँ बिज्यात । तर अभ्र नं आषाढ-पुन्हीया जां थीगु तिमिला जलय् कपिलपुर छको स्वये मास्ते वल । शायद थन थाय्या प्रशंग क्या हे बोधिसत्त्वया महाभिनिष्क्रमण आषाढ-पुन्हीसं जूगु सीदत । आषाढ-पुन्हीया निगूगु सुसंयोग ध्व हे ख: ।

***धर्मचक्र प्रवर्तन-***

महाभिनिष्क्रमण खुदँया अध्ययन, अन्वेषण व तपस्यां लिपा बोधिसत्त्व मध्यम-मार्गय् बिज्यात । स्वायां-पुन्हीखुनु बुद्धत्व प्राप्त जुल । बुद्धत्वया प्रीती पीगुन्हु दुना बिज्याये धुंका वाराणसी मृगदावनय् बिज्यात । अबले थन क्रूर यज्ञवादीतयेगु धार्मिक अन्ध शोषणं विरक्तपिं तर गृहस्थ वा सांसारिक जीवनं विरक्तपिं ऋषित मुना च्वनीगु ख: । उकिं, थन हे बुद्धत्वया प्रतीक्षाय् च्वच्वं सिद्धार्थं दुष्कर तपस्या तोतूगुलिं विरक्तपिं तर धर्मया नामय् बलिवादय् व यज्ञवादय् प्यमपुंपिं न्याम्ह भद्रवर्गीपिं नं थन च्वं वया च्वंगु ख: । उकिं बुद्धं थ:गु प्रथम धर्मदेशना वा सन्देश प्रसार यायेत थन मन वंका बिज्याइगु नं स्वाभाविक जू ।

बुद्धं मृगत याउँक चाहिले दुगु ऋषिपतनय् न्याम्ह भद्रवर्गीपिं नाप लात । बुद्धया उपदेश अन नं याउँक न्यना मका: । छाय्धा:सा बलिवादी व यज्ञवादी वाक्क व:पिंके नं पाप फुकेत धका शरीरयात सास्ति बीगुली धर्म भा:पीगु यक्व संस्कार श्रमणवादीतयेके दुगु । न्याम्ह भद्रवर्गीपिंके नं ध्व हे पत्या: दुगु । उकिं बुद्धया बुद्धत्वय् नं इमित अपाय्धंगु बेपत्या: जूगु ख: । बुद्धं थ:गु न्हापाया सद् वचं साक्षि तया धया बिज्यात, 'ध्वयां न्हापा छु जिं गबलें थथे धयागु दु ला ?'

***'मदु, भन्ते ।'***

'आवुस, तथागत बाहुलिक मखु, हानं साधनां भ्रष्टम्ह नं मखु, बाहुल्यपरायणम्ह नं मखु । तथागत अर्हत् सम्यक्सम्बुद्ध ख: । छको न्यं, जिं गुगु अमृत लुइका, व छिमित कने । न्यना आचरण या:सा ध्व हे जन्मय् साक्षात्कार याना उपलाभ याना च्वने दइ ।' थथे न्याम्ह भद्रवर्गीपिंत धाये धुंका बुद्धं धर्मचक्र प्रवर्तन याना बिज्यात ।

थथे धर्मचक्र प्रवर्तन याये न्हयोया ध्व वार्तालाप आषाढ-पुन्हीया पूर्व संन्ध्या इलय् जूगु ख: । धर्मचक्र पुवर्लन आसाढ पुन्हीया तिमिला जलय् जुल । प्यंगू प्रमुख बौद्धघटना व प्यंगू संवेजनीय बुद्धया जीवन नाप सम्बन्धित थासय् ध्व घटनाया थाय् दुथ्या:गुलिं धा:, आषाढ-पुन्हीया विविध सुसंयोग घटना मध्यय् ध्व हे प्रमुख घटना ख: ।

# प्रो. वसीली वसील्येव



रत्नसुन्दर शाक्य

१९ औं शताब्दीको मध्यमा रुसमा बौद्धधर्म र चीनको बारेमा विशेष ज्ञाता हुनुभएका व्यक्तिहरूमा प्रो. वसीली वसील्येव प्रमुख हुनुहुन्छ ।

सन् १८१८ मा जन्मनु भएका वसीली वसील्येवले माध्यमिक शिक्षापश्चात् कजान विश्वविद्यालयबाट उच्च शिक्षा हासिल गर्नुभएको थियो । उहाँका शिक्षकहरूमा विशेषत: प्रो.कोवालेव्स्कीबाट उहाँले बौद्धधर्मको शिक्षामा विशेष रुचीका साथै स्रोत ग्रन्थहरूलाई आलोचनात्मक ढंगबाट अध्ययन मनन गर्नुपर्ने बारेमा पनि जानकारी (शिक्षा) हासिल गरेको थियो ।

बौद्ध-धर्मको विस्तृत अध्ययन-मनन पश्चात् वसीली वसील्येवले आफ्नो पहिलो कृति (रचना) बौद्धदर्शनको मूलभूत सिद्धान्त शून्यवादको विषयमा लेखिएको थियो । उहाँका कृतिहरूमा सबभन्दा महत्त्वपूर्ण कृति 'बौद्ध धर्म-यसको सिद्धान्त, इतिहास र साहित्य' लाई मानिन्छ । यस कृति ३ भागको रुपमा सन् १८५७ देखि १८६९ भित्रमा प्रकाशित भएको थियो ।



प्रो. वसीली वसील्येव

सेन्टपीतर्सवर्ग विश्वविद्यालयका प्रोफेसर हुनुभएका वसीली वसील्येव संस्कृत भाषा र साहित्यका पनि विशेष ज्ञाता थिए, तर पनि उहाँले बौद्धधर्मको शोधकार्य (अनुसन्धान) को निमित्त मूल स्रोतको रुपमा चीनी र तिब्बती ग्रन्थहरूलाई आधार मानिएको थियो ।

बौद्धधर्मका तत्कालीन पश्चिमी यूरोपीय विद्वानहरूको तुलनामा प्रो. वसीली वसील्येव निकै श्रेष्ठ स्थितिमा थिए कारण उहाँले चीनी र तिब्वती भाषाको प्रशस्त संख्यामा बौद्ध कृतिहरू उपलब्ध गरेका थिए जुन कि उहाँले पेकिङ्गबाटनै ल्याउनुभएको थियो । यसको मूलकारण उहाँ कयौं वर्षसम्म पेकिङ्गमा रही रुसी धार्मिक मिशनमा काम गरिसकेका व्यक्ति थिए ।

उहाँले आफ्नो मूलकृतिमा थेरवाद (हीनयान) र महायानको इतिहास, वैभाषिक, सौत्रान्तिक, योगाचार र माध्यमिक सम्प्रदायका दर्शनको सिंहावलोकन तथा आचार्य अश्वघोष देखि आचार्य बसुवन्धुसम्मका बौद्ध दार्शनिकहरूको जीवनीको विवरण पनि दिएका थिए उहाँको उक्त ग्रन्थ जर्मन र फ्रान्सिसी भाषामा पनि अनुवाद भएको थियो र उहाँको यस कृति युजीन वर्नफ (Eugene Burnouf) को प्रसिद्ध रचनाका साथ १९ औं शताब्दीको मध्यमा बौद्धधर्मको अध्ययनको लागि एक प्रमुख स्रोत बन्न गएको थियो ।

प्रो. वसीली वसील्येवले १९ औं शताब्दीको पाँचौं दशकको शुरूमै महान् चीनीयाँ यात्री हुयन-साङ्गको भारत यात्रा वर्णनसम्बन्धी पुस्तक चीनीयाँ भाषाबाट रुसी भाषामा अनुवाद गरिसक्नुभएको थियो । यस पुस्तक (हुयन-साङ्गको यात्रा विवरण) चीनविद् स्तानिस्लाव जूल्येनले सन् १८५६ मा

मात्र प्रकाशमा ल्याएका थिए जब कि यसको एक दशक अगाडि नै वसीली वसील्येवले सो कृतिबाट रुसीहरूलाई परिचित गराइसकेका थिए ।

प्रो. वसीली वसील्येवका शिष्यहरूमा इभान पाभ्लोविच मिनेयेफ (सन् १८४०-९०) र सेर्गेइ फ्योदोरोविच ओल्देनवर्ग (सन् १८६३-१९३४) लाई हामी नेपालीहरूले कहिल्यै बिर्सन सक्तैनौं कारण उहाँका यी शिष्यद्वय मध्य पहिलो इभान पांलोविच मिनायेफले सन् १८७५ मा नेपालको यात्रा गरी 'नेपाल विद्याका प्रवर्तक' को संज्ञा समेत पाइसकेका थिए । नेपालयात्रा गर्नुहुने पहिलो रुसी हुनुभएका इभान पभ्लोविच मिनायेफले आफ्नो नेपालयात्राकालमा विशेषत: तत्कालीन नेपालका पण्डित गुणानन्द बन्धसित सम्पर्क राखी कयौं हस्तलिखित ग्रन्थहरू जुन बुद्ध-धर्मसम्बन्धी नेपालभाषामा लेखिएका थिए साथ लगेका थिए ।

यसको साथै गुणानन्दसँग रहेको हजारवटा जति नेपालभाषाका शब्दहरू र नेपालभाषाका एक व्याकरण पनि साथ लगेका थिए । यसैको आधारमा उहाँले नेपालभाषाका एक शब्दकोश पनि तयार पारेका थिए ।

यस्तै प्रो. वसीली वसील्येवका अन्य शिष्य सैर्गइ फ्योदोरोविच आल्देनवर्गले इभान पाभ्लोविच मिनायेफको निधन पश्चात् उहाँ (इभान पाभ्लोविच मिनायफ) ले संकलन गरिराखेको नेपालभाषामा शब्दकोश एंव अन्य नेपालभाषासम्बन्धी अप्रकाशित कृति संकलन र सम्पादनहरू प्रकाशनार्थ जर्मनका लिपजिग विश्वविद्यालयका प्रो. अगष्ट केनेरेडीलाई सुम्पेका थिए । ओल्देनवर्ग स्वयंले पनि सन् १८८९ मा सेन्टपिटर्सवर्गको पुस्तकालयमा रहेका नेपालका हस्तलिखित ग्रन्थहरूको बारेमा एक रचना प्रकाशित गरेको थियो ।

यस्तै सन् १८९१ मा मिनेम्यफसित रहेका ३ वटा हस्तलिखित ग्रन्थ (नेपालकै) हरूको बारेमा पनि एक लेख प्रकाशित गरेका थिए । यसको अतिरिक्त मिनायेफको संकलनमा रहेको नेपालको लोककथा, लोकगीत आदिको विस्तृत टीका-टिप्पणीसहित रहेका कृतिहरू पनि प्रकाशित गरेका थिए ।

यसप्रकार पीटर्सवर्ग (पछि लेनिनग्राड) विश्वविद्यालयका प्राच्यविद्या संकायका ४-५ दशकसम्म डीन पदमा रहनु भएका प्रो. वसीली वसील्येवका शिष्यद्वयको तर्फबाट पनि उहाँलाई हामीले स्मरण गर्न सक्छौं ।

आफ्नो समयमा संसारभरका बौद्ध विद्वानहरूमा एक प्रमुख हुनुभएका प्रो. वसीली वसील्येवले रुसमा प्राच्यविद्याको विकासमा प्रशस्त योगदान दिई सन् १९०० मा ८२ वर्षको उमेरमा आफ्नों इहलीला समाप्त गरेको थियो ।

***सन्दर्भ***


१) भारतको छवि- ग.वोगार्द-लेविन, अ. विगासिन हिन्दी अनुवादक- योगेन्द्र नागपाल प्रगति प्रकाशन मास्को-१९८४

२) बौद्धजगत्का स्मरणीय व्यक्तिहरू प्रथम भाग

ɞ रत्नसुन्दर शाक्य

ɞ भिक्षु महानाम महास्थविर आनन्दकुटी विहार, काठमाडौं स्वयम्भू- २०४९

३) बौद्धजगतका स्मरणीय व्यक्तिहरू- चौथो भाग

ɞ रत्नसुन्दर शाक्य

ɞ विवेकानन्द लुमन्ति प्रकाशन बौद्ध समंकृत विहार भक्तपुर-२०६० ◆





# बुद्ध र बुद्धदर्शनको एक दृष्टिकोण

*डि.आर. शाक्य "ऋषि" भक्तपुर*



डि.आर. शाक्य "ऋषि"

आजभन्दा २६०० वर्ष (ई.पू.६००) पहिले अर्थात् बुद्धकालीन समयमा विश्व मानचित्र सिमाङ्कन नभएको बेलामा आजको प्राय: पूर्वीय राष्ट्रहरू जम्बुद्वीपको नामले प्रशिद्ध थियो । त्यतिबेला भारत वर्ष भन्ने शब्द प्रचलनमा आएको थिएन । उक्त जम्बुद्वीप भित्र आजको नेपाल पनि पर्न आउँछ । तर त्यसबेला नेपाल भन्ने शब्द हिमवत्तखण्ड भन्ने नामले चिन्ने गरिन्छ । तत्कालीन उक्त द्वीप संसारको एउटा पवित्र एवं पुण्यभूमिको रुपमा लिने चलन पनि थियो । त्यसैले यी नै भूमिमा कति ज्ञानी, ध्यानीहरू, ऋषिमुनिहरू जप-तप-ध्यान गर्ने जन्म लिने ठाउँ भैदिएकोले बुद्ध जस्ता महाज्ञानी, शान्तिका अग्रनायक, विश्वमानवतावादका महान दार्शनिक महामानव बुद्ध पनि यी नै पवित्र भूमि हाम्रो नेपालको रुपन्देही जिल्ला-लुम्बिनीनामक एउटा सुन्दर शान्ति बाटिकामा सिद्धार्थ गौतमको जन्म भयो ।

वास्तवमा यी नै भूमिमा सिद्धार्थ गौतम बुद्ध मात्र जन्म लिएको होइन अरु बुद्धहरू पनि जन्मनु भएको थियो भन्ने कुरा लुम्बिनी कै आसपास निग्लिहवाको अशोक स्तम्भमा समेत उल्लेखित भएको पाइन्छ । तत्कालीन २६०० वर्ष अगाडिको समया सिद्धार्थ गौतमले बुद्धत्व प्राप्तिको लागि अनेकौ प्रकारका दु:ख सामना गर्दै, अनेकौं ज्ञान, ध्यान विद्या हाँसिल गर्दै एवं अभ्यास गर्दै विभिन्न गुरुहरूबाट विद्या सिक्दै गए । तर सिद्धार्थले बुद्धत्व लाभ गर्न सकेन अर्थात् दु:ख मुक्तिको मार्ग फेला पार्न सकेन । त्यसबेला सिद्धार्थ गौतमले भोक भोकै तपस्यामा लागे शरीरलाई कष्ट दिए । त्यसबाट पनि दु:ख मुक्तिको दर्शन पाएन । शरीर अति नै दुर्बल भयो । मरणासन्न अवस्थासम्म पनि पुग्यो तर पनि दु:ख मुक्तिको कुनै संकेत पाएन । संयोगवस एक दिन बस्तु चराउन आउने गोठालाले सिद्धार्थ गौतमको हालत देखेर बाखिको दूध सिद्धार्थको मुखमा पिच्काउन्छ । त्यसपछि सिद्धार्थ होसमा आउँछ । केही समय पछि नर्तकीहरू विणा बजाउँदै आएको आवाज सिद्धार्थको कानमा पर्छ । अनि सिद्धार्थले विचार गर्छ । यदि विणाको तार कसिएको भए एवं खुकुलो भए पनि विणाको तारबाट राम्रो आवाज निस्कँदैन । ठीक मात्रामा विणाको तार कसिएकोले मात्र राम्रो आवाज निस्केको हो ।

यस्तै हाम्रो शरीरलाई पनि अति कष्ट गरी बस्दा र अति आनन्द गरी बस्ने गर्दा सहि ज्ञान लाभ गर्न सक्दैन भने कुरा मनमा लागेपछि गयाको बर पिपलमुनि बस्न जानु भयो । त्यहाँ पनि त्यस्तै संयोगमा सिद्धार्थ गौतमलाई देवता सम्झेर सुजाता कन्याले सुनको पात्रमा राखेर खीर भोजन चढाउँछ । सिद्धार्थ गौतमले त्यही भोजन खाएर बोधि- बृक्ष मुनि विशेष प्रकारका ध्यान (विपस्सना ध्यान)मा बसेर अन्तमा वैशाख पूर्णिमाको दिन

सम्पूर्ण क्लेस निर्मूल गरी भवचक्रको परिधिबाट अलगिन्छ । तब सिद्धार्थलाई दुःख, दुःखको कारण, दुःखको निवारण र दुःख निवारणको मार्ग (मध्यम मार्ग)का कुराहरू छर्लङ्ग भयो । संसारमा उत्पन्न भएका यावत कुराहरूको उत्पति र विनास सम्बन्धी कुराहरू स्पष्ट बुझ्नु भयो । तब सिद्धार्थ गौतम "बुद्ध" भएको कुरा पुरा प्रमाणित भयो । मनुष्य जीवनको पूर्ण सारत्व प्राप्त भयो ।

सिद्धार्थ गौतमलाई बुद्धत्व लाभ गर्नु अगाडि जीवनमा कहिल्यै त्यस्तो प्रकारको आनन्द सुखानुभुति प्राप्त भएको थिएन । बुद्धत्व लाभ पछि प्राप्त भयो । तब बुद्धले उद्गार (उदान) व्यक्त गर्नुभयो "असत्यबाट सत्य ज्ञान पाएँ, अन्धकारबाट उज्यालो पाएँ, मृतबाट अमृत ( मुक्ति) पाएँ ।"

यीनै कुरा वैदिक ऋषिमुनिहरूबाट आशिका मात्र गरेको थियो । सत्य तथ्य प्राप्त भएको थिएन । वैदिक ऋषि मुनिहरू यसरी आशिका गर्छन् -

असत्यबाट सत्यमा लगिदेऊ,
अन्धकारबाट उज्यालोमा लगि देऊ,र
मृत्युकोद्वारबाट अमृतद्वार खोलि देऊ ॥


तत्कालीन समयमा सिद्धार्थ गौतमले लाभ गर्नु भएको सम्यक सम्बोधि ज्ञान बौद्ध साहित्य अनुसार भन्नुपर्दा खेरी अति दुर्लभ मानिन्छ । यस्तो दुर्लभ मनुष्यत्वको पूर्ण सारत्त्व प्राप्तिको लागि क्यौं पारमिता धर्महरू पूर्ण गरिए बावजूद सम्यक सम्बोधि ज्ञान लाभ पछि बुद्ध बन्नु भएको हो । तर बुद्ध, धर्म र संघको महत्त्व नबुझ्नेले बहुमूल्य हिरा पछि पनि काँच नै सम्झिन्छ । सुनलाई पितल सम्झिन्छ । त्यसकारण मानिसहरूमा विद्यालय, महा-विद्यालयबाट प्राप्त भएका शैक्षिक योग्यता हुँदैमा त्यसलाई सही अर्थमा विद्या भएको मान्दैन । बुद्धले त्यस्तो योग्यता बोधि ज्ञान प्राप्त गर्नु भएको थियो जुन योग्यता भन्नु नै संसारको स्वभाव धर्मको अवगत गर्नु हो । जसलाई अनित्य दुःख र अनात्म पनि भनिन्छ । यहि विद्यालयबाट शील, समाधि र प्रज्ञा जस्ता योग्यता हाँसिल गरि बुद्ध बन्नु भयो । बुद्ध कुनै व्यक्ति होइन । बुद्ध विचार हो बोध भएको हो । आर्य सत्य-धर्मको यथार्थता हो । यस्तो शब्द कदापि सामान्य साधारण होइन । त्यसकारण बुद्ध-धर्मले गर्ने मानवहितका कार्य कुनै सिमीत व्यक्ति र वर्गको लागि मात्र कहिलै हुँदैन । मार्क्सवादले तल्लो वर्गको लागि मात्र दुःख सुल्झाउने काम गर्छ बुद्ध-धर्म- दर्शनले समस्त मानव जगतकै हित सुख कल्याणको लागि काम हुन्छ ।

बुद्धत्व लाभ पछि बुद्धले आफूले पाएका अतिदूर्लभ, दूरदर्शनीय परमार्थ ज्ञान साँच्चैकै मानव जगतको हित, सुख र कल्याणको लागि भएकोले बुद्धले उक्त ज्ञान पंचवर्गिय तपस्वीहरू (कौण्डय, वप्प, भद्दिय, महानाम र अस्सजित)लाई सुनाउनु भयो । तीतपस्वीहरू बोध भएर अर्हत् मार्गफलमा प्रतिस्थित भए पछि बुद्ध-धर्मको शासन संघबादी शासनमा रुपान्तरित हुन्छ । त्यस्तो धर्ममा जब ६० जना भिक्षुहरू भए । तब बुद्धले सम्बोधन गरे- "चरथ भिख्खवे चारिकं बहुजन हिताय, बहुजन सुखाय, लोकानुकम्पाय अत्थाय हिताय सुखाय" अर्थात् भिक्षुहरू ! बहुजन हितको लागि, बहुजन सुखको लागि, विश्वमाथि दया करुणा राखी समस्त मानवहरूको हित सुखको लागि चारिका गर" । बुद्धको यीनै सन्देशबाट तत्कालीन समयमा भिक्षुहरू यस मानव धर्म प्रचार प्रसारको लागि विभिन्न दिशा (गाउँ-नगर-प्रदेश)मा चारिका शुरु गर्नु भयो । यस्तो मानवतावादी, सर्वकालिक र सर्व-देशीय धर्म कुनै व्यक्तिको सुख र स्वार्थको लागि होइन भन्ने कुरा बुद्ध स्वयंले नै प्रकाश पार्छ । यदि बुद्धले कुनै व्यक्ति कुनै जाति र कुनै वर्गको लागि मात्र सुख हुने काम गर्न चाहेको भए बुद्धले त्यही बेला (युवराज सिद्धार्थ गौतम भएको बेला)मा नै राजा मात्र होइन समस्त जम्बुद्वीपको अधिपति वा चक्रवर्ती राजा समेत भएर बस्ने सौभाग्य समेत पाएको थियो । बुद्धको राजनीति दृष्टिकोण फरक छ । बुद्धको राजनीति कुनै वर्ग, जाति र समाजको लागि मात्र निहित नभएको राजनीति हो । जुन राजनीतिले यथार्थता, वास्तविकता र सत्य कुरालाई देखाइदिन्छ । त्यस्तो अहिलेको राजनैतिक व्यवस्थामा छैन । यदि बुद्धले राजनीतिलाई स्वस्थ र सभ्य रुपले संगै नलगेको भए आज बुद्ध धर्म यति संसारमा

व्यापक हुँदैन र राज्य व्यवस्थाले नै स्वीकार्दैन साथै बहुजन हित र सुख हुने काम गर्न सक्दैन ।

संसारका:प्राय मानिसहरू बुद्ध धर्म दर्शनलाई जीवन जीउने कला मानेर बुद्ध धर्म स्वीकार गर्दै आएका छन् । संसारका एक तिहाइ मानिसहरू आज बुद्ध धर्म, दर्शन स्वीकार्दै छन । हिजो आज यो संसारमा धेरै त्यस्ता महान विचारकहरू, महान दार्शनिकहरू आए-गए । चाहे त्यो भौतिकवादी होस् चाहे त्यो अभौतिकवादी होस् । तिनीहरूको विचार दर्शन वाद कुनै जाति, वर्ग र लिंगको स्वार्थको लागि मात्र हितकर भयो । त्यो पनि राम्रै छ । स्वीकार गऱ्यो । इतिहासमा अङ्कित भयो संसारमा फैलियो । त्यति मात्र हो, यस्तै विचारलाई पूर्णत स्वीकार गर्ने नव विद्वानहरूको विचार, भावना, आस्थामा खिया लागेर आउँछ । हिजोका कट्टर भौतिकवादी चिन्तनका नेताहरू समेत लुकी छिपी ढुंगाका मूर्ति र खम्बाहरू ढोग्दै हिंड्छ र भैसि पूजा गर्दै हिड्छ । कपालमा फूलका टुक्राहरू र निधारमा रातो टीका लगाएर गलामा रातोबाला (ह्याँउबाला) लगाएर हिड्छ अच्चमै लाग्छ । अझ मूर्ति-पूजामा पनि मूर्ति पूजा विरोधी महान नेताहरूकै तस्विरमा फूलको माला अबिर लगाएर मैनवति बालेर पूजा सरह नै गर्छ ।

यहाँनिर बुद्धका विचार अनुसार भन्नु भर्दा संसारमा थरि थरिका मानिसहरू हुन्छन् । सबैको विचार वा भावना एउटै हुँदैन । त्यहि अनुसार स्वभाव पनि एउटै हुँदैन, किन भयो ? तर यहाँ विचार कै आधारमा कुनै व्यक्तिहरूलाई महान बनाएका छौं । त्यसको तुलना गर्ने कामको सहि मापन व्यक्ति अनुसार फरक पनि हुन्छ । मासु नखानेलाई मासु सम्बन्धी फाइदाका कुराहरू गर्दा मन पर्दैन । साग, सब्जी मन नपरेका व्यक्तिहरूलाई साग, सब्जीको फाइदाको व्याख्या मन पर्दैन । त्यो सबै कुरा संस्कार हटाउने पक्षमा दु:खलाई बुझेर सुखको मार्ग देखाउने पक्षमा बुद्ध धर्म सर्वव्यापी छ । त्यसैकारण २६०० वर्षदेखि आजसम्म संसारमा बुद्ध धर्म दर्शन अविच्छिन्न रुपमा कायम छ । बुद्धलाई कुनै नेता, दार्शनिक, पण्डितसँग तुलना गर्न मिल्दैन ।

सिद्धार्थ गर्भप्रवेश गृह त्याग एवं प्रथम धर्मोपदेश दिं २६०४ औं धर्मचक्र प्रवर्तन दिवसया लसताय् हार्दिक मंगलमय शुभकामना ।

*(भिगु लुं वह:या तिसा ज्वलंया निम्ति लुमंकादिसं)*

# रत्नायन ज्यास पस:
# रत्नायन ज्वेलरी

खौमा टोल भक्तपुर-१५, ६६१०२५४, ६६१२६७५

# जेतवर्ण महाबिहार परिचय

ख्वपया प्रमुख बिहारत मध्ये छगू बिहार जेतवर्ण महाबिहार नं छगू ख: । कलाकारिताय् नांदंपिं शाक्यपिनिगु थ्व बिहार ख्वपया १६ नं. वडाया तेखाचो त्वालय् अवस्थित जुयाच्वंगु दु । प्यखेरं संघया दुजपिनिगु छेँ घेरेजुयाच्वंगु थ्व बिहारया उत्तरय् तापालाछि त्वा: व दक्षिणय् मूलँ दु । तापालाछि त्वालं लोकेश्वर बिहारय वने ज्यू । अथेहे मूलँजुना पूर्व वनेबलय् बंशगोपाल व पश्चिम वनेबलय् बर्गाकारगु थुगु चुकथें खनेदुगु थुगु । विहार स्थानीय् जनसमुदाय बिचय् निवाबाहा धका: म्हसिया च्वंगु दु ।

### *ऐतिहासिक पृष्ठभूमि*

जेतवर्ण महाबिहार गुवलय् स्थापना जुल ऐतिहासिक प्रमाणया अभाबंयाना: धाय् फूगु अवस्था मदु । तर थन च्वंपिं संघ दुज:पिंसं थ:पिं गुणसिंह बुद्धाचार्यया सन्तान ख: धयावयाच्वंगु दु । संघ दुजपिंके दुगु ताडपत्र अध्ययन याना:स्वय्बलय् थनया दुजपिं ने.सं. ७१४ लिपा यलया इतिल्हने त्व:ता ख्वपया गछेँ त्वालय् च्वंवम्ह गुणसिंह बुद्धाचार्ययाहे सन्तति जुल । ने.सं. ७३१ या छगू ताडपत्रय् गुणसिंह बुद्धाचार्य पशुपति महाबिहारया लिबिछे लिक्कच्वंगु छेँ न्या:गु स्पष्टकथं सिइदु ।

हानं लिपा ने.सं. ७४३ या ताडपत्रय् जुजु जगज्योति मल्लदेवं क्वाठण्डौ त्वालय् च्वना:च्वंम्ह गुणसिंह बुद्धाचार्ययात कुथुवहिया तेखापुखू थ्यनी । दक्षिणय् मू लुखा छुनातगु काचाच्कक स्वयेबलय् बछि अधिकार ल:ल्हा:ना ब्यूगु जुल । कुथु बहिया अधिकारिक व्यक्तिकथं प्रतिस्थापित गुणसिंहं थौंकन्हेया जेतवर्ण महाबिहार परिसरय् ने.सं.७५१, ने.सं.७५२ व ने.सं.७५४ पाखें छेँ बुँ न्या:गु प्यंगू ताडपत्रय् उल्लेख जुयाच्वंगु दु । थन सुरक्षित जुयाच्वंगु मेमेगु ताडपत्रत अध्ययन याना: स्वय्बलय् ने.स. ७५१ निसे ७५४ या बिचय् गुणसिंहं थुगु लागाय् यक्को जग्गा जमिन न्या:गु खनेदु । फलत: गुणसिंह बुद्धाचार्ययात ने.सं. ७५१ लिपा थुगु थासय् जेतवन बिहार (निवा: बाहा) निर्माण यायेत छुं थाकु मजुल ।

थन पलिस्था जुयाच्वंम्ह क्व:पा:द्योया खवय् च्वंगु रणजित मल्लया ईलय् ख्वपय् लुँ ध्वाका दय्कुपिं गुणाकर, रतिकर व प्रभाकरपिंसं विश्वकर्मायात हेलफ्व: छा:गु ( ने.सं. ८७१) खँ उल्लेख जुयाच्वंगु दु । तर प्रभाकरजु नेपाल संवत ८३९ सालय् हे दिवंगत जुइ धुंकुगु खँ कुथुबहीसं ब्वइम्ह छम्ह अमिताभ तथागतया प्रतिमाय् उल्लेख याना त:गु दु ।

न्यनेदुकथं गुणाकरपिंसं न्हापां थुगु बिहारय् नमूना तयार याना:लिं वहे अनुसारं लुँ ध्वाखा दयेकुगु जुल । थनया संघपिंसं थुकीयात हे विश्वकर्मा द्यो नाला वयाच्वंगु खनेदु । थौंकन्हय् तक नं वहया कलात्मक तोरण व तिसा सहित द्योख: दयेका धन विश्वकर्मा ब्वयेययगु चलन दनी । इच्छुक दुजपिंसं ब्वया: विश्वकर्मा द्योया पूजा नं याइ । थुजागु ब्वयेगु तिसा धल:पौ कथं दुत काइगु खँ संघया वर्तमान नायो सानुमान बुद्धाचार्यपाखें जानकारी दुगु जुल । साधारणतया मोहनी व बिस्काया लसताय् विश्वकर्माया पुजायाना नख:दनी । वि.सं. १९९५ सालय् विहारय् चिकंअपा ला:गु खँ नं थनाम्या अभिलेखय् उल्लेख जुयाच्वंगु दु ।

### *बिहारया स्वरुप व सम्पदा:*

जेतवर्ण महाबिहारया पुलांगु स्वरुप लोप जुइ धुंकुग दु । वि.सं. १९९५ सालय् ल्वहंतँ सियात:गु थनया बिहार लागाया दथुइ दिपमाला सहित:गु छग: वज्रधातु चैत्य दु चैत्यया प्यकुंनय् प्यम्ह सिहँ दु । चैत्य न्ह्योने पूर्व स्वया: च्वंपिं त:धिपि मेगु छजो सिहं दु । दिपमालाया ज्वलय् ने.स. ९०७ स देछानात:गु यक्षनरसिंह व लक्ष्मी थकुंया प्रतिभा तयात:गु दु । चैत्यया लिक्क गं छग: दु । अभिलेख अनुसार पुलांगु गं तज्यागुया कारणं थुगु न्हूगु गं

हाकनं दयेका बिहारय् देछ्वा:गु जुयाच्वन ।

चैत्यया पूर्वपाखे क्वपाद्योया रुपय् दनाच्वंम्ह मैत्रय बुद्ध निस्वाना:त:गु दु । क्वा:पा:द्यो या लुखाय् तोरण मदु तर चाकछिं मकर, नाग, छेपु स्वरुपगु बुट्टा अंकित यानात:गु दु । गन्धकुटीया जवय् छसिकथं अवलोकितेश्वर व शाक्यमुनि बुद्धया प्रतिमा पलिस्था यानात:गु दु । शाक्यमुनि बुद्धया ल्यूने छगः स्तम्भ चैत्य दु । अथेहे गन्धकुटीया खवय् (पूर्व पश्चिमय्) छसिकथं बसुन्धरा, लोकेश्वर, अमिताभ, भैरव व क्षेत्रपाल स्थापना यानात:गु दु । क्वा:पा:द्योया जव खवं निम्ह सिंह दु । अष्टमीव्रत धलं पूर्णयाये धुंका सहश्राहुति यज्ञ याना: उपिं सिंह छ्वा:गु खँ जवय् च्वंगु सिहँया आसनय् कियात:गु अभिलेखय् उल्लेख यानात:गु दु । बिहारया दक्षिण पश्चिमय् तुं छगः नं दु । थुगु तुं आतक्कनं प्रयोगय् वयाच्वंगु दनी ।

### *बिहारया संघ*

थुगु बिहार मुक्कं शाक्यपिनिगु खः । थनया शाक्यपिं यलया हिरण्यवर्ण महाबिहारं (क्वाबहालं) व:याच्वंपिं जुल । थुमिगु लगभग ख्वीगु मयाक परिवारपिं दु । थनया संघपिनि दिगु द्यो योगाम्बर खः । यलया हिरण्यवर्ण महाबिहारं वया:च्वंपिं जुया दिगु द्यो नं अननं साला हया सिद्धपुखूया पश्चिमपाखे निस्वना:त:गु दु । संघया दुज:पि यत्रतत्र छरे जुया यें, यलय् च्वना:च्वंगु दु । अथे जूसां ईलय ब्यलय् आरती गुथीया रुपय् गुथि मुना आगमय् पूजा याना: समय् नयेगु परम्परा न्ह्याका: वयाच्वंगु दु ।

थुगु बाहाया संघ पिनि कुथुवहि नापं नं स्वापू दु । थनया संघ दुजपिनि काय्मचापिं चूडाकर्म याइबलय् कुथुबहीया दीपंकरनं बिज्याकेमा: । थुगु बाहाया संघपिनि आगंद्यो नं कुथुबहीस पलिस्था यानात:गु दु । थनया संघपिनि यायेमा:गु बौद्ध चर्या व मेमेगु पूजाया ज्या: भ्र्वत कुथुवहिली हे याइगु चलन दु ।

उकिं गुणसिंहदेव शाक्य व वया: परिवार ख्वपय् ब:गु इलय् न्हापां थन हे च्वंगु खः धैगु संघया दुजपिं धा:पु दु । खौमा बाहालय् च्वंपिं शाक्यपिंनि मस्त नं थन बिहारय् हया चूडाकर्म या वयेगु चलन दु । थुगु बाहा: निस्वने न्हयो थनया शाक्यपिं खौमाबाहालय् च्वंगु खँ ला च्वय् उल्लेख जुइ धुंकुगु दु । उकिं खौमा बाहाया शाक्यपिं नं थुगु संघया पुलापिं दुज: ख: धैगु धा:पु दू । अथे हे तँचाकोनेया जेष्ठवर्ण महाबिहार नापं नं थनया स्वापू दू धैगु स्थानीय बासीन्दापिनि धा:पु दु ।

थुगु विहारया शाक्यपिंत कुथु वहिया सम्पूर्ण अधिकार व ज़िम्मा बच्छि जुजुं ब्यूगु खँ च्वय् उल्लेख जुइधुंकुगु दु । उकिं थुगु बिहारया दुजपिंसं दच्छिया खुला खुला पा: फया कुथुवहिस नित्यपूजादि यायेगु याना: वयाच्वंगु जुल । माघ संक्रान्तिबले थथुवहिलि यंकिपिं तधिर्छेया सम्यक द्योपिनिगु तिसा सिलेगु स्योल्हवोंयाइगु ज्या: नं थनया शाक्य खल:पिंसं याना:वयाच्वंगुदु । अथेहे सम्यक द्योयात छायेगु फुकं बस्तु लायगुनं थुगु दुजपिन्त सुबिधा विया:त:गु जुल । धार्थे धायेगु ख:सा थनच्वंपिं शाक्य खल:पिसं सम्यक द्योजक मखु चतुब्रम्ह महाविहारया दीपंकर, भ्रौरवहिया दीपंकर, थथुवहिया दीपंकर व कुथुवहिया दीपंकरया तिसा समेतं स्यो ल्ह्वों:याना: वयाच्वंगु दु ।

### *बिहारया ज्याइव:*

थुगु बिहारय् थकाली कथं पालंपा: लच्छि लच्छि क्वा:पा:द्योया सेवा यायेगु परंपरा न्ह्याना: वयाच्वंगु दु । थन न्हिथं नित्य पूजा जुयाच्वनी । थन पाला जुया च्वंम्हसिनं कुथुबहीया आगमय् नं पूजा यायेमा: । अथेहे बैशाख पुन्ही खुन्हु थन बुद्ध पूजा यायेगु परम्परा नं न्ह्याना: वयाच्वंगु दु । गुँला धर्म लच्छियंक थन नामसंगीति ब्वनेगु, तुत: पाठ यायेगु परम्परा दु । थनया संघ पिसं गुँलां पञ्चदान व इलय् बेलय् गुँलाबाजं पितहया बाहा चाहिलेगु याना: वयाच्वंगु दु । थुगु गुँलाबाजं वि.सं. १९७९ पाखे स्थापना जूगु ख: । सुरुइ-लोकमान सिंह, धनमासिं, कुलरत्न, हेराज्योति, मानकाजी (मानविरसिं), लाल बहादुर, समन्तराज पिनिगु कुतलं ध्व बाजं खल: नीस्वंगु धाइगु थनयापिनि धापू दु । अथेहे कतिपुन्ही, योमरी पुन्ही व घ्यो:चाकु सँल्हुबले सप्तविधानोत्तर पूजा याना वयाच्वंगु दु । अथेहे चिकुला दिसी (मालाख्व दिसी) व वर्षा दिसि (नक्वा: दिसी) कुन्हु थन सप्तविधानोत्तर पूजा याना: सम्हय् नयेगु चलन दु ।

***साभार : ख्वपया बहाबहि सफूति***



# बुद्ध जीवनी र बुद्ध काल

## सिद्धार्थ जीवनी

प्रकाश बज्राचार्य

- ५०. बोधिज्ञान लाभ पछिका ७ सप्ताहहरू बुद्धले तल लेखे अनुसार बिताउनु भयो -

| सप्ताह | स्थान | दिशा (बोधिवृक्षबाट) | क्रिया |
|---|---|---|---|
| प्रथम | बोधिमण्डप | मध्य | समापत्ति ध्यानमा |
| द्वितीय | अनिमिष चैत्य | पूर्व-उत्तर | बोधिवृक्षलाई एकपटक हेर्नु |
| तृतीय | चंक्रमण चैत्य | पूर्व-पश्चिम | चंक्रमण (=हिंडडुल) |
| चौथो | रत्नधर चैत्य | पश्चिम-उत्तर | धर्ममाथि विचार |
| पाँचौ | अजपाल वृक्ष मुनि | पूर्व | धर्म अमृतको रसपान |
| छैठौं | मुचलिन्द वृक्ष मुनि | दक्षिण | प्रीति सुख अनुभव |
| सातौं | राजायतन वृक्ष मुनी | दक्षिण-पश्चिम | धर्मको रसपान |

- ५१. बोधिज्ञान लाभको छैठौं सप्ताहमा ठूलो आँधी बेहरी चलेको बेलामा नागराजाले बुद्धको शिरमाथि फणाले ओढाइदिएको थियो ।
- ५२. बुद्धले बोधिज्ञान लाभ पछि ७ हप्तासम्म उक्त ज्ञानको प्रीति (=आनन्द) सुखमा लीन भइराख्नु भएको थियो । यसरी ७ हप्तासम्म उहाँले खानु, पिउनु, शौच गर्नु, स्नान गर्नु आदि केही गर्नु भएको थिएन ।
- ५३. बोधिज्ञान लाभ पछि बुद्धलाई सर्वप्रथम भोजन दान दिनेहरू थिए दुई व्यापारी दाजुभाइहरू - तपस्सु र भल्लुक । उनीहरूले दिएको सत्तु र महको भोजन नै बुद्धको प्रथम भोजन थियो ।
- ५४. सर्वप्रथम बुद्धको शरणमा जाने उपासकहरू थिए - तपस्सु र भल्लुक । उनीहरू द्वैवाचिक शरण (=बुद्ध र धर्मको शरण) जानेहरू थिए । त्यतिबेला संघ बनेको थिएन ।
- ५५. तपस्सु र भल्लुकलाई भगवान बुद्धले चिन्हो स्वरुप एक मुट्ठी केश (=रौ) दिनु भएको थियो । उक्त केश राखेर ती दुई दाजुभाईले आफ्ना उत्कल देश (=उडिसा) मा बनाएको स्तुप नै बुद्धको स्मृतिमा बनेको प्रथम स्तूप थियो ।
- ५६. बुद्धगयामा बुद्धत्व प्राप्त गर्नुभएपछि बुद्ध सर्वप्रथम ऋषिपतन मृगदावन (=सारनाथ) मा जानुभयो ।
- ५७. मार्गमा उपक नामक आजीवक (=घुमन्ते साधु) ले भगवान् बुद्धलाई भेटेर पनि चिन्न सकेको थिएन ।
- ५८. भगवान् बुद्धले ३६ बर्षको उमेरमा ऋषिपतन

मृगदावन (सारनाथ) मा धर्मचक्र प्रवर्तन (=प्रथम उपदेश) गर्नुभएको थियो । सारनाथमा रूखमुनि बसी उहाँले ५ जना गृहत्यागीहरूलाई प्रथम उपदेश दिनु भएको थियो ।

- ५९. धर्मचक्र प्रवर्तनको बेला उपस्थित ५ गृहत्यागीहरूलाई भिक्षु बनिसकेपछि पंच भद्रवर्गिय भिक्षु भनियो । पंच भद्रवर्गिय भिक्षु भन्नाले ५ भिक्षुहरू बुझिन्छन् - कौण्डन्य, वप्प, भद्दिय, महानाम र अस्सजीत ।
- ६०. पंच भद्रवर्गिय भिक्षुहरूमा सबभन्दा जेठो कौण्डन्यलाई सबभन्दा पहिले उपसम्पदा दिएको (=भिक्षु बनाएको) थियो । यसरी बुद्ध-धर्ममा प्रथम भिक्षु बन्ने व्यक्ति थियो - कौण्डन्य ।
- ६१. पंच भद्रवर्गिय भिक्षुहरू धर्मचक्र प्रवर्तनपछि अनन्त लक्खण सुत्रको देशनाको समय अरहत् (=क्लेश मुक्त) भएका थिए ।
- ६२. सर्वप्रथम त्रिरत्नको शरण जाने (=त्रैवाचिक शरण जाने) व्यक्ति थिए - यश कुमारको पिता ।
- ६३. सर्वप्रथम त्रैवाचिक शरण जाने उपासिकाहरू थिए - यश कुमारकी आमा सुजाता र यश कुमारकी पत्नी ।
- ६४. सुजाता - सिद्धार्थलाई क्षीर दान दिने महिला: बुद्धको प्रथम उपासिका मध्ये एक । पति:यश कुमारको पिता । छोरो : यश कुमार । बासिन्दा : सेनानी गाउँ, उरुवेला प्रदेश ।
- ६५. सर्वप्रथम भिक्षु हुने गृहस्थ थिए - यश कुमार ।
- ६६. यश कुमार भिक्षु बनिसकेपछि उसका थुप्रै साथीहरू पनि भिक्षु बनेका थिए । यसरी बुद्ध बाहेक ६० भिक्षुहरू, जुनकि सबै अर्हत् थिए, भएपछि बुद्धले उनीहरूलाई सर्वप्रथम बुद्ध-धर्म प्रचार गर्न पठाएका थिए ।
- ६७. भिक्षुहरूलाई धर्म प्रचार गर्न पठाई बुद्ध स्वयं उरुवेला जानुभयो । त्यहाँ उरुवेला काश्यपको कुटीमा बुद्धले काल नागराजालाई बशमा ल्याएको थियो । उहाँबाट प्रभावित भई ५०० शिष्यहरूका गुरु उरुवेल काश्यप, ३०० शिष्यहरूका गुरु नदी काश्यप र २०० शिष्यहरूका गुरु गया काश्यप - यी तीनैजना जटाधारी दाजुभाइहरू बुद्धका अनुयायी बने ।
- ६८. त्यसपछि बुद्ध राजगृह पुग्नुभयो । त्यहाँ राजा बिम्बिसारले भगवान् बुद्धलाई सर्वप्रथम विहार दान गरे, जसलाई बेलुबन (=बेणुबन) भनिन्छ ।
- ६९. बिम्बिसार - मगधको सम्राट । पिता : भाति । आमा : बिम्बि । रानीहरू : कोशलदेवी र खेमा । अन्य पत्नीहरू :पद्मावती, आम्रपाली आदि बेश्याहरू । छोरो : अजातशत्रु । बेजात छोराहरू : अभय राजकुमार, विमल कौण्डन्य, शीलव, जयसेन, चुन्द । छोरी (बेजातकी) : चुन्दी ।
- ७०. राजा बिम्बिसार बुद्धभन्दा ५ वर्ष कान्छो थियो । राजा बिम्बिसार १५ बर्षको छँदा राज्याभिषेक भएको थियो । उनी २४ बर्षको छँदा सिद्धार्थलाई पाण्डव पर्वतमा भेटेका थिए (तु. ३८) । ३१ वर्षको उमेरमा उनी बुद्धको शरणमा गएका थिए । त्यसपछि ३६ वर्षसम्म राज्य गरी उनको ६७ वर्षमा मृत्यु भयो । बिम्बिसार निधनको बेला बुद्ध ७२ वर्षको हुनुहुन्थ्यो ।
- ७१. राजा बिम्बिसार शत्रु देश बैशालीमा गई आम्रपालीसँग एक रात सुतेको थियो । आम्रपालीको तर्फबाट उनले विमल कौण्डन्य नामक छोरो पाएको थियो जो पछि भिक्षु बने ।
- ७२. बिम्बिसारले आफ्नो बेजातको छोरो अभय राजकुमारलाई ७ दिनसम्म मगधको राज्य चलाउन दिएको थियो ।
- ७३. तक्षशिलाको राजा पुक्कुसातिलाई बिम्बिसारले उपहारमा त्रिरत्नको सन्देश पठाएको थियो ।
- ७४. राजा पुक्कुसाति बुद्धको ख्याति सुनेर आफ्नो राज्य त्याग गरी राजगृहमा आई बुद्ध कहाँ भिक्षु बन्न आएका थिए ।
- ७५. बुद्धलाई भेट्न तक्षशिलाबाट राजगृह आउने राजा पुक्कुसाति भगवान् बुद्धसँग भार्गव नाउँको

कुम्हालेको झोपडीमा सँगै सुत्न पुगेका थिए । पुक्कुसातिले बुद्धलाई चिनेका थिएनन् । बुद्धले उपदेश दिएपछि मात्रै पुक्कुसातिले बुद्धलाई चिने ।

- ७६. बुद्धको भिक्षुसंघमा सारिपुत्र र मौद्‌गल्यायन बुद्धका मुख्य शिष्यहरू थिए । यी दुईलाई अग्रश्रावक (उत्तम शिष्यहरू) पनि भनिन्छ ।
- ७७. सारिपुत्र (=धर्म सेनापति) - बुद्धको मुख्य शिष्य । प्रज्ञामा अग्रस्थान प्राप्त भिक्षु । पिता: वंगन्त । आमा : रूपसारी । भाइहरू : चुन्द, उपसेन, रेवत । बहिनीहरू : चल, उपचला, शिशूउपचला । गृहस्थी नाम : उपतिष्य ( =उपतिस्स) । बासिन्दा : नालक (=उपतिस्स) गाउँ, राजगृह ।
- ७८. सारिपुत्रलाई अस्सजितले बुद्ध-धर्ममा ल्याएका थिए । त्यसैले सारिपुत्रले सँधै आफ्नो गुरु अस्सजित रहेको दिशातिर प्रणाम गर्दथे र सुत्दा आफ्नो टाउको उक्त दिशातिर पारी सुत्दथे ।
- ७९. भगवान्‌ले सारिपुत्रको भान्जा दिर्घनख परिब्राजकलाई उपदेश दिइराखेको सुनेर बुद्धलाई पछाडिबाट पंखा हम्काइराख्ने सारिपुत्र अर्हत् भएका थिए ।
- ८०. अति सहनशील भएको हुनाले सारिपुत्रलाई "सिंङ् नभएको गोरू भनिएको थियो ।
- ८१. सारिपुत्र महास्थविरमा तलका विशेषताहरू थिए -

१) चार आर्यसत्यको व्याख्या गर्न सक्ने
२) रोगी सेवा गर्ने
३) करुणा र सहनशीलताबाट सम्पन्न
४) विहारको सफाइ र रक्षा गर्ने
५) भाँडोमा पानी भर्ने
६) ओछ्यान मिलाउने

- ८२. सच्चा, लोला, अववादका र पटाचारा - यी चार निर्ग्रन्थ (=जैन) दिदी बहिनीहरू अति घमण्डी थिइन् । उनीहरूलाई सारिपुत्रले वादविवादमा परास्त गरी भिक्षुणी बनाए ।
- ८३. भद्रा कुण्डल केशा (जम्बू) पनि एक अभिमानी निर्ग्रन्थ विदुषी थिइन् । उनलाई पनि सारिपुत्रले धर्म सम्बादमा हराई भिक्षुणी बनाएका थिए । भद्रा कुण्डल केशाले गृहस्थी छँदा आफ्नै लोग्ने, जो सत्थुक नामको एक चोर थियो, लाई मारेकी थिइन् ।
- ८४. जंगलवासीहरूमा अग्रस्थान प्राप्त भिक्षु खदिर वनिय रेवत सारिपुत्रको भाइ थियो । उनी आफ्नो विवाहको जन्तीबाट भागेर भिक्षु बन्न आएका थिए ।
- ८५. राध नामक ब्राम्हणले आफूलार्य भिक्षु नबनाएकोमा आमरण अनसन गरेका थिए । पछि सारिपुत्रले उनलाई प्रवज्या दिए ।
- ८६. सारिपुत्रको शिष्य लोसक तिष्य भिक्षुले कहिल्यै भरपेट भोजन गर्न पाएको थिएन । निर्वाण हुन लागेको बेलामा एकपल्ट मात्रै उनले पेटभरी खान पायो । बुद्धकालमा सबभन्दा अलाभी भिक्षु उही थिए ।
- ८७. मौद्‌गल्यायन - भगवान्‌को दोश्रो प्रमुख शिष्य । ऋद्धिमा अग्रस्थान प्राप्त । आमा : मौग्गली । गृहस्थी नाम : कोलित । बासिन्दा : कोलित गाउँ, राजगृह ।
- ८८. विमला नामक एक वेश्या मौद्‌गल्यानप्रति आकर्षित भई उहाँको कुटीमा समेत पुगेकी थिइन् । तर मौद्‌गल्यायनले उनलाई उपदेश दिई भिक्षुणी बनाए ।
- ८९. राजगृहको ऋषिगिलि पर्वतमा मौद्‌गल्यायनलाई डाँकाहरूले मारेका थिए ।
- ९०. भिक्षु हुनु अघि सारिपुत्र र मौद्‌गल्यायन संजय भन्ने परिब्राजक (=साधु) का चेला थिए । पछि उनीहरू बुद्ध-धर्ममा प्रवेश गरेपछि संजयले मुखबाट रगत छाडी प्राण त्यागेको थियो ।
- ९१. सारिपुत्र र मौद्‌गल्यायनको परिनिर्वाण पछि भगवान् बुद्ध स्वयंले उनीहरूको अस्थि धातु राखी चैत्य बनाउन लगाएका थिए ।
- ९२. भगवान्‌ले पूर्णा नामक दासीले फ्याकेको कपडाबाट चीवर बनाई लगाउनु भएको थियो जुन उहाँले भिक्षु महाकाश्यपको चीवरसँग बदल्नु भयो ।

यसरी बुद्धसँग चीवर साटेर लगाउन पाउने व्यक्ति थियो भिक्षु महाकाश्यप ।

- ९३. महाकाश्यप - प्रथम संगायनाको प्रधान भिक्षु । पिता : कपिल । पत्नी : भद्राकापिलायनी । बासिन्दा : महातिर्थ गाउँ, मगध । गृहस्थी नाउँ : पिप्फलायन (पिप्पली माणवक) ।
- ९४.तथागतसँगै एउटै गन्धकुटीमा सुत्ने सौभाग्य एकपल्ट भिक्षु महाकात्यायनले जेतवन विहारमा पाएका थिए । भिक्षु हुनु अघि महाकात्यायन अवन्ति (हाल उज्जैन) को राजा चन्द्र प्रद्योतका राजपुरोहित थिए ।
- ९५. बुद्धत्व प्राप्तिको प्रथम वर्षमा कालुदायी मन्त्रीको प्रयासले बुद्धको सर्वप्रथम कपिलवस्तु आगमन भएको थियो । उहाँ फाल्गुन पूर्णिमाको दिन राजगृहबाट प्रस्थान गरी बैशाख पूर्णिमाको दिन कपिलवस्तु पुग्नुभयो ।
- ९६. बुद्ध कपिलवस्तु पुगेको तेश्रो दिनमा उहाँले भाइ नन्दकुमारलाई प्रवजित गरेका थिए ।

९७. **नन्दकुमार** - सिद्धार्थको भाइ । पिता : शुद्धोदन । आमा : प्रजापति गौतमी । दिदी : नन्दाकुमारी (=जनपद कल्याणी) ।

- ९८. नन्दकुमार भगवान्‌भन्दा चार इन्च होचो थिए ।
- ९९. नन्दकुमारलाई उसको अभिषेक, गृह प्रवेश र विवाहको दिनमा प्रवजित गरिएको थियो । आफ्नै दिदी नन्दाकुमारीसँग उनको विवाह हुन लागेको थियो ।
- १००. बुद्धसँग अंश माग्न आउने एउटै व्यक्ति थिए, त्यो हो उहाँकै ७ वर्षिय छोरो राहुल कुमार ।
- १०१. बुद्धसँग अंश माग्न आउने राहुल कुमारलाई बुद्ध
- कपिलवस्तु पुगेको सातौं दिनमा प्रवजित गरिएको थियो ।
- १०२. बुद्ध शासनमा सर्वप्रथम श्रोतापन्न हुने महिल थिइन् कुररघरकी काली उपासिका । उनी बुद्धलाई नभेटिकनै श्रोतापन्न भएकी थिइन् ।
- १०३. आनन्द, अनुरुद्ध, भद्दिय, भृगु, किम्बिल, देवदत्त (सबै शाक्यहरू) र उपालि नाउ - यी ७ जना सँगै भिक्षु भएका थिए । यी मध्ये उपालिलाई सबैभन्दा पहिले प्रव्रजित गरिएको थियो ।
- १०४. बुद्ध भई ५ वर्ष पछि अर्थात् ९८ वर्षको उमेरमा शुद्धोदन परिनिर्वाण भएको थियो ।
- १०५. शुद्धोदन - कपिलवस्तुको राजा । पिता : शिंह हनु । आमा : कंचना । भाइहरू : धौतोदन, शुक्लोदन, शुक्रोदन, अमृतोदन । बहिनीहरू : अमृता र प्रमिता । पत्नीहरू : महामायादेवी र प्रजापति गौतमी । छोराहरू : सिद्धार्थ र नन्दकुमार । छोरी : नन्दाकुमारी ।
- १०६. शुद्धोदनको प्रथम सन्तान थियो नन्दा नामक छोरी ।
- १०७. शुद्धोदनको जन्म इ. पू. ६२० मा भएको थियो । ३७ वर्षको उमेरमा विवाह भयो । विवाहको २० वर्ष पछि, ५७ वर्षको उमेरमा प्रथम पुत्र सिद्धार्थ पाएको थियो ।
- १०८. बुद्ध ५५ वर्षको हुँदा उहाँको सेवक बनिरहेको भिक्षु नागसमालले बुद्धको पात्रलाई अनादर गरी भुइँमै राखेर अन्यत्र लागेकोले बुद्धलाई एक जना स्थायी सेवकको खाँचो परेको थियो ।
- १०९. त्यसैले बुद्ध ५५ बर्षको छँदा भिक्षु आनन्द बुद्धको स्थायी नीजि सेवक बनेको थियो । त्यतिबेला आनन्द पनि ५५ वर्षकै थियो र २५ वर्षसम्म बुद्धको स्थायी सेवक रहिरहे ।
- ११०. आनन्द (=धर्म कोषाध्यक्ष =धर्म=भण्डारिक) । पिता : अमृतोदन । आमा : मृगी । बासिन्दा : कपिलवस्तु । भगवान् जन्मेकै दिन जन्मेको ।
- १११. आनन्दलाई तथागतको छायाँ मानिन्छ । उनी बुद्धको नीजि सेवक थिए ।
- ११२. आनन्द बहुश्रुत् (=विद्वान्), स्मृतिवान्, चरित्रवान्, धैर्यवान् र उपस्थान (=इमानदार सेवक) हुनाले ५५ वर्षको उमेरमा बुद्धले उनलाई नीजि सेवक छानेका थिए ।

**पुस्तक परिचय**

# ‘धर्म मरेको छैन’ पुस्तिका पढ्दा’

✍ विष्णुगोपाल कुसी




नेपालका ज्येष्ठ भिक्षु अश्वघोषद्वारा लिखित ‘धर्म मरेको छैन’ पुस्तिकाले धर्म या सेवा गर्दा र कर्तव्यपालना गर्दा धेरै बद्मास, पापी मान्छे पनि सज्जन, असल, गुणी बनेको कुरालाई पुष्टि गर्न खोजेको छ । पापभन्दा धर्मको शक्ति बलियो, भरपर्दो भएकोले जीवन राम्ररी बिताउन धर्म नभई हुँदैन भन्ने भावना जगाउने प्रयास यो कृतिले गरेको छ । काम राम्रो भए, मन शुद्ध भए धर्म बलियो हुन्छ भन्ने मान्यता राख्ने भिक्षु अश्वघोष धर्मकै मान्यता र विश्वासले बदमासहरू सज्जन भएको तर्क राख्छन् ।

धर्म स्वाभाविक गुण, लोकहित गर्न अँगालिने कर्म वा कर्तव्य, असल आचरण, सदाचार, नियम, सद्गति प्राप्तिका लागि गरिने कर्म नै धर्म भएको हुँदा धर्म मर्दैन भन्ने अश्वघोषको दावी हो । त्यसो त अरु कसैलाई दु:ख दिए पाप लाग्ने र सुख या सेवा गरे धर्म लाग्ने कुरा धर्मशास्त्रमा उल्लेख गरिएको छ । तर धर्मको नाउँमा आर्थिक शोषण गरिरहेको, आर्थिक अनियमितता गरिरहेको, पूजापाठ र धर्म कर्म गरेको जस्तो देखाएर मूर्ति चोरिरहेको र धर्म कर्मको कुरा जोडेर अन्धविश्वासतर्फ धकेलिरहेको सन्दर्भमा धर्माधिकारी र प्रबुद्ध वर्ग सचेत हुनैपर्छ ।

सेवा भनेको आमाबाबुले सन्तानको मात्र होइन सन्तानले आमाबाबुको, गुरुले शिष्यको मात्र होइन शिष्यले गुरुको पनि गर्नुपर्छ । आपत्‌विपत् र सङ्कटमा परेको व्यक्तिलाई सहयोग गर्नु धर्म हो, सेवा हो । कुनै व्यक्तिलाई सन्देशमूलक ज्ञान दिएर सुसूचित पार्नु सेवा हो । तर कुनै मन्दिर, विहारमा कुनै मूर्तिको पूजापाठ गरेर, दक्षिणा चढाएर आफ्नो सेवा हुन्छ, रोग निको हुन्छ, मनको आकाङ्क्षा पूरा हुन्छ भन्ने होइन । यसबारे धर्माधिकारी, पण्डित, बुद्धिजीवीले सर्वसाधारणलाई सचेत पार्नुपर्छ । सामाजिक कार्यकर्ता या समाजसेवीहरू मूर्तिको पूजापाठ, भाकल नगरे पनि समाज सेवा र विकासमा लागेका हुन्छन् । हो, हामीले समाज सेवाको भावनामा कमी ल्याउनु हुँदैन । उनीहरूलाई अझ सेवा गर्ने प्रेरणा दिनुपर्छ । कसैले मूर्ति चोर्दैमा धर्म मर्छ सेवा अन्त्य हुन्छ भन्ने होइन । धर्म दुई चार जना, दुई चार लाखमा अडेको होइन, जसले लात मारेपछि अन्त्य हुन्छ ।

वर्गीय समाजमा सबै मान्छे एउटै स्वभाव र आचरणका हुँदैनन् । कसैले आफ्नो श्रद्धास्वरुप दक्षिणा दान गर्छन, भोजन गराउँछन्, कुनै कृति या चैत्य, विहार, पाटी–पौवा, मन्दिर बनाउँछन् । कुनै नाउँका निम्ति काम गर्छन् भने कुनै नाउँभन्दा सेवा गर्न नै सहयोग गर्छन् । तर पदको दुरुपयोग गरी अकूत सम्पति

कुम्ल्याएर, भ्रष्टाचार, अनियमितता गरेर नाउँकै निम्ति दान गर्ने, पाटी–पौवा बनाउने र अन्य कृति बनाउने पनि हुन्छन् भन्ने कुरा हामीले भुल्नु हुँदैन । नाउँ र पुण्य कमाउने आशाले गरेको सहयोगलाई हामीले कसरी लिने ? त्यस्तो कार्यलाई सही मान्ने या गलत ! त्यस्तो कार्यलाई स्वीकार्ने या फाल्ने ! समाजले हेर्ने र मूल्याङ्कन गर्ने आधार उसको आचरण र व्यवहार हो ।

इमानदार, चरित्रवान, लोकहित हुने सन्देश बाँड्ने, उपकार गर्ने, आपद्‌विपत्‌मा सघाउने, नम्र व्यवहार गर्ने, बोली वचन राख्ने र समाज सेवा गर्ने व्यक्ति समाजका पूज्य बन्छ । चरित्रहीन, स्वार्थीहरू समाजका हेलाका पात्र बन्छन् । समाजको सेवक बन्न, चरित्रवान बन्न कुनै मन्दिरमा पुगेर पूजापाठ गर्नैपर्ने, विहारमा गएर धर्म देशना गर्नैपर्छ भन्ने होइन । सबै मानिस धर्म देशना सुनेपछि, सुनेकै भरमा समाज सेवामा लागेका होइनन् ।

सही कुरा उँचका होस् या नीच सुन्नुपर्छ । उँचकोटीकाले भनेपछि स्वीकार्नैपर्ने र नीचले भनेपछि बेवास्ता गर्ने समानताको होइन । यो प्रजातान्त्रिक मान्यता होइन । गौतम बुद्धले एक महाजन सुदत्त (अनान्थपिण्डिक) को कुरा नसुनेको र उसैको घरमा पालेको एक दासीको कुरा सुनेको प्रसङ्ग 'अनाथपिण्डिकको धर्म' मा उल्लेख गरिएको छ । ज्ञान छर्ने उद्देश्यले करोडौं रकम खर्च गरेर बनाएको विहारमा बस्न आग्रह गर्दा नबसेको कारण रिसाएका एक महाजन र एक दासीको जीवन मुक्तिका लागि सोही विहारमा बस्न आग्रह गर्दा बस्न आएको घटनाले बुद्ध मुक्तिको पक्षमा रहेको थाहा हुन्छ । एउटै थलोमा बसेर विश्वमा ज्ञान छर्न सक्दैन भन्ने बुद्धको दूरदर्शिताको चित्रण पुस्तिकामा उल्लेख छ ।

काम गर्दा जानी नजानी गल्ती हुनसक्छ, गल्ती भएमा सुधार्नुपर्छ, गल्ती स्वीकार्नुपर्छ । गरेको गल्तीलाई छोप्ने होइन, छोप्ने प्रयास गरेमा त्यो अर्को गल्ती हुन्छ । एउटा भूल सच्याउन अर्को भूल गर्ने होइन । गल्ती सच्याइनु या सुधार गर्नु राम्रो लक्षण हो, राम्रो सङ्केत हो । कसैले गल्ती औंल्यायो भनेर रिस पोख्ने होइन, बरु धन्यवाद दिनुपर्छ । गल्ती स्वीकार्नु मानवीय धर्म हो ।

समयमा विचार नपुर्याउँदा ठूलो क्षति हुनसक्छ, विचार पुऱ्याउन नसकेरै कतिपय आदेश उल्लङ्घन भएको हुन्छ, नीति निर्देशनविपरीत काम भएको हुन्छ । कर्मचारीहरूले आज्ञापालन गर्नुपर्छ, आफ्नो दायित्व पूरा गर्नुपर्छ । आदेश पालना गराउन नसक्नु त्यस प्रशासन या निकायको कमजोरी हो । एक समय सेनापतिले बुद्धलाई सबभन्दा पहिले भोजन गराउने प्रतिज्ञा गरे ! त्यसका लागि उनले अरुलाई भोजन नगराउन आफू मातहतका सैनिकलाई अह्राए । भोजन रोक्ने कुरा फैलेपछि सेनापतिको उक्त आदेश छलेर एक छोरी फूल चढाउन गएको जस्ता गरेर बुद्धका आश्रममा पसिन् फूलले भोजनलाई छोपेर लगेको भोजन सेनापतिले भन्दा पहिले लगेको हुँदा सोही भोजन बुद्धले गरे । सेनापतिको सपना अधुरो भयो । सेनाहरू सचेत नहुँदा सेनापतिको इच्छा अधुरो भएको हो । तर पनि सेनापति रिसाएनन्, बरु त्यो छोरीलाई बोलाएर सम्मान गरे । यसलाई भिक्षु अश्वघोषले सेनाले आफ्नो धर्म निर्वाह गरेको बताए ।

समाजमा स्वार्थीहरूको सङ्ख्या बढ्दै गएको यथार्थ हो । एकले अर्कोलाई धोका दिने, छेड्कि हाल्ने, बेइमान गर्ने, हेरविचार तथा पालनपोषण नगर्ने काम बढ्दै गएको हो । आफैले पालनपोषण गरेका सन्तानले आमाबाबुमाथि बेवास्ता गरेपछि, साथीले साथीलाई धोका दिएपछि धर्म सकियो भन्नु या विश्वास गुम्दै गएको भन्नु अन्यथा होइन । तर यस्तो समस्या सबै सन्तान या व्यक्तिमा लागु हुँदैन । कसैको कमजोरी या गल्तीलाई नै सबथोक सम्झेर धर्म मर्यो भन्नु या सबैले सेवा गर्न छोड्यो भन्नु न्यायोचित हुँदैन । छोरा या बुहारी जसको कुरा सुनेर भए पनि आमा या बुबा या वृद्ध वृद्धालाई कसैले निकाल्छ भने धर्म छोडेको विचार व्यक्त गरको के आश्चर्य ? वृद्ध वृद्धालाई निकाल्ने कुनै पापीलाई कसैले मार्छु है भनी त्यही आमासँग अनुमति माग्दा मार्ने काम चाहि नगर भने बितिकै धर्म नमरेको या जागेको भन्न कतिको मिल्छ ? आफूलाई निकाले पनि आमाले छोरालाई मार्ने अनुमति कसरी दिनसक्छ ? लेखक

आफैले स्वीकारेका छन्, एक दुई जनासँग धर्म नहुँदैमा धर्म मर्यो भन्नु हुँदैन, धर्म मरेको छैन ।

स्वार्थीहरू अनेकानेक छलछाम या जालझेल गरेर अरुलाई ठग्छन् । तर कसरी ठगे भन्ने कुरा पछि थाहा हुन्छ र ठगी कारबाहीमा पर्नु स्वाभाविक हो । धन चोर्नेले नै अरुलाई धनचोरको आरोप लाग्नु र नक्कली काम गरेर निर्दोषमाथि दोषी ठहऱ्याउने कामको एकदिन अवश्य पोल खोल्छ । साझेदारी व्यापारमा मिलेर काम गरे राम्रो कमाउन सकिन्छ, एक्ले अर्कोलाई धोका दिए, सम्पतिमा आँखा गाडे व्यापार–व्यवसाय डुब्न पनि सकिन्छ ।

कति छोरा र बुहारीहरू आमाबाबुको हेरविचार गरेरै जीवन बिताउँछन्, कति तर्साएर आमाबाबुको सम्पति हात पारेर सताउछन् । कतिले आफ्नो कर्तव्य भुल्छन् र स्वार्थ खोज्छन्, कतिले कर्तव्यपालना गर्छन् र सेवा गर्छन् । दुःख दिएको कारण धर्म मऱ्यो भन्नु र सेवा गरेको कारण धर्म बाँकी छ भनेर धर्म मरेको र रहेको विश्लेषण गर्न मिल्छ कि मिल्दैन ?

पुस्तिकामा घमण्डी भिक्षुहरूको चरित्र उल्लेख गरिएको छ । आफूले पालना गर्नुपर्ने नियम पालन नगर्ने, गल्ती नस्वीकार्ने भिक्षुहरू हुँदैमा धर्म लोप हुने होइन । नियम कसैलाई सुनाउन होइन पालना गर्न हो । गुरुले नै नियम पालना नगरेपछि शिष्यहरूले कसरी पाल्लान्, शिष्यहरूले के भन्लान् ? अहङ्कारी भएर नियम भिच्नु गल्ती हो, गल्ती गरेपछि सच्याउनुपर्छ या गल्तीको माफी माग्नुपर्छ । एक दिन बुद्ध झगडालु भिक्षुहरूकहाँ बस्नुभन्दा कतै एकान्त ठाउँमा बस्नु जाती सम्झेर बसाइ सरे । त्यो बसाइ गरेको थाहा पाएर भिक्षुहरू बुद्धकहाँ गएर माफी मागे । आफूले अरुलाई सेवा गरे अरुले पनि आफूलाई सेवा गर्छन् । सङ्कट या आपत्विपत्मा सहयोग गर्नु धर्म हो । एक भिक्षुले अर्कोलाई सहयोग नगर्नु जसरी अधर्म हुन्छ त्यसरी नै त्यो भिक्षुलाई मर्का पर्दा या रोगी हुँदा सेवा नगर्नु अर्को अधर्म हो, त्यो दुवै गलत हो । जबसम्म मानिसमा सेवाभाव हुँदैन तबसम्म धर्म प्रचार हुँदैन ।

आस मारिसकेको भर्खरको बच्चालाई श्वास प्रश्वासको माध्यमबाट बचाउनु, दुघटनामा परेका व्यक्तिको उद्धार गरी उपचार गर्नु, व्यथाले च्यापेको महिलालाई चिरफार गर्न रक्तदान गर्नु सबै सेवाका प्रकार हुन् । हो, सुख र दुःख आफ्नो काम (कर्म) ले गर्दा हुन्छ । मर्ने बेलामा आफूले दिएको दुःख र पीडाको क्षण सम्झेर संसार छोड्ने होइन । त्यसैले कति वृद्ध र वृद्धाहरू भन्छन्– मर्ने बेला आनन्दले मर्न पाए राम्रो ।

बुद्धको शिक्षाअनुसार कुनैमा पनि पल्किनु हुँदैन, मात्रालाई नाघ्नु हुँदैन । कसैको मन नै बिग्रेपछि अरु के राम्रो बाँकी रहन्छ र । मन शुद्ध हुनुपर्छ । भनिन्छ– मानिसलाई लाजले बाँड्छ पशुलाई डोरीले ।

स–साना टिप्पणी, विचार र घटनाको प्रस्तुति रहेको यो 'धर्म मरेको छैन' पुस्तिका उपयोगी छ । तर पुस्तिका एउटा सानो टिप्पणी र घटना दिएर यथार्थ पुष्टि गर्ने प्रयास थोरैजस्तो भए पनि पुस्तिकाको मर्म जीवनको सार पाउन सेवा गर्नुपर्छ, सेवा नै धर्म हो, सेवामा सबै मान्छे जुट्नुपर्छ भन्ने नै हो । ◆


बौद्ध साहित्यिक पत्रिका नियमित प्रकाशन गर्न सकोस् भन्ने कामना गर्दछ ।



प्रो. रत्नसुन्दर न्हुछें
जय याकती
अजिमा! राइस मिल
सूर्यविनायक, नपा, पाण्डुबजार, कटुञ्जे
मो.नं. ९८४१७८४३०३, ९८४१२३१३१२
फोन नं. ०१-५०९२०८३

# संविधान निर्माण, धर्मनिरपेक्षता आजको आवश्यकता

प्रणिता शाक्य
बौद्ध युवा कमिटी, सदस्य



प्रणिता शाक्य

चार दलका शीर्षस्थ नेताहरुद्वारा संविधान जारी गर्ने तयारी अन्तिम चरण पुगेको छ । यस बीचमा दोस्रो जनआन्दोलन, सशस्त्र द्वन्द्व र मधेस आन्दोलनबाट स्थापित उपलब्धी उल्टाउन खेलहरु तीव्र गतिमा भइरहेको छ । यसैको प्रयास स्वरुप अब बन्ने संविधानमा नेपालको अन्तरिम संविधानमा उल्लेखित नेपाल धर्मनिरपेक्ष राज्य हटाएर धार्मिक स्वतन्त्रतामात्र राखेर प्रकारान्तरले नेपाललाई हिन्दू राष्ट्र बनाउने षडयन्त्र भइरहेको छ ।

यसै सन्दर्भमा सत्तारुढ एक प्रमुख राजनीतिक दलका शीर्षस्थ नेताले अब बन्ने संविधानमा धर्मनिरपेक्ष नरहने सार्वजनिक गरिसक्नुभएको छ । पत्रपत्रिकामा आएको खबर अनुसार धर्मनिरपेक्ष नरहने भनि चार दलका चार नेताबीच समझदारी भइ सकेको छ । पुन: एकचोटी प्राप्त अधिकार उपभोग नै गर्न नपाउँदै खोसिने अवस्थामा धर्मनिरपेक्षता र परिवर्तन पक्षधरहरु पुगेको छ । त्यसैले बैद्धहरु पुन: एकचोटी एकताबद्ध भएर आन्दोलनमा उत्रिने बेला आएको छ । धर्मनिरपेक्षको विरोधीको रुपमा धार्मिक स्वतन्त्रताको शब्द जाल गरेर जनताबीच भिराउन खोज्दैछ । यसतर्फ पनि हामी सजग हुनुपर्छ ।

यो संविधानसभाको मुख्य दायित्व भनेको नेपाली समाजमा रहेको सामाजिक, सांस्कृतिक, भाषिक, धार्मिक, क्षेत्रीय सबै खाले विभेद, थिचोमिचो अन्त्य गरी समानता र सामाजिक न्यायमा आधारित संविधान बनाउनु हो । तर अहिले संविधान देशमा शान्ति होइन अशान्ति र स्थिरता होइन र अस्थिरताको लागि एक थान संविधान बनाउँदै छ ।

संविधान भनेको देशको मूल कानून हो । संविधानको आधारमा देशको शासन व्यवस्थाको ढाँचा नागरिकको मौलिक अधिकारको सुनिश्चितता र राज्यको दायित्व निर्धारण हुने गर्दछ । यस अर्थमा हामी सबै बुद्ध धर्मावलम्बीहरुले पनि आफ्नो हक अधिकार पनि यही संविधानमा समेटनुपर्छ । यदि हामीले आफ्ना कुराहरु अहिले समेटन सकेनौं भने हामी धेरै वर्ष राज्यसत्ताबाट लाडिएको असमान्ता, वहिष्करण भोगन बाध्य भई रहनुपर्नेछ । त्यसैले हामी सबै बुद्ध धर्मावलम्बीहरुले टोल, टोल, विहार विहारमा गएर, त्यति मात्र नभई राष्ट्रिय रुपमा नै हाम्रो मुख्य सरोकारको विषयमा व्यापक छलफल, अर्न्तक्रिया गर्नु वितान्त आवश्यक छ । यसले बौद्धहरुलाई सचेत बनाउँछ । बौद्धहरुलाई जागरण ल्याएपछि सरकारको ध्यानाकर्षण गराउनु पर्दछ । यसको लागि व्यक्तिगतस्तरमा मात्र होइन, संस्थागतस्तरमा अघि बढ्नुपर्छ ।

### धर्मनिरपेक्षता र धार्मिक स्वतन्त्रता

धर्मनिरपेक्ष राज्यसँग सम्बन्धित अवधारणा हो भने धार्मिक स्वतन्त्रता व्यक्तिगत छनोटको विषय हो । एउटा व्यक्ति आफ्नो विवेक र आस्था अनुरुप बौद्ध, हिन्दु, मुस्लिम, इशाई बन्ने स्वतन्त्रता रहन्छ । यो स्वतन्त्रता हिजोको पञ्चायत काल, बहुदलीय काल र अहिलेपनि उपभोग गर्न पाएकै विषय हो । तर यही कुरालाई तोडमोड गरेर आफ्नो राजनीतिक स्वार्थको लागि धर्मनिरपेक्षताको अवधारणा विरुद्ध प्रयोग गर्न खोज्दैछन् ।

हामी बौद्ध लगायत समानता र परिवर्तनका पक्षधरहरुको पहिलो र प्राथमिक सरोकार हो, यो मुलुक धर्मनिरपेक्ष राष्ट्र बन्नुपर्छ । धर्मनिरपेक्ष भनेको राज्यले कुनै विशेष धर्मलाई मात्र राष्ट्रको धर्मको रुपमा मान्यता नदिनु हो । अर्थात धर्मको सवालमा राज्य तटस्थ हुनु

हो । नेपालको सन्दर्भमा तटस्थको अर्थ अलग नभइ समान भन्ने अर्थमा लिनुपर्छ । त्यसैले एउटा धर्मलाई काखामा राखेर अर्को धर्मलाई पाखा लगाउने राज्यको व्यवहारको विरोधी अवधारणा हो धर्मनिरपेक्षता । यस अवधारणाले राज्य र कानुनका दृष्टिमा सबै धर्मालम्बीहरुप्रति समानताको महसुश र राज्यप्रति अपनत्व बोध गराउँछ । त्यसैले धर्मनिरपेक्षता लोकतन्त्रको महत्त्वपूर्ण सिद्धान्त हो ।

नेपालको इतिहास २००४ सालदेखि २०४७ सालसम्म चार वटा संविधान बनिसकेको छ । यसबीचमा राजा महेन्द्रले दुई तिहाई बहुमतबाट गठित वि पी कोईरालाको सरकारलाई अपदस्थ गरी देशको शासन व्यवस्था आफ्नो हातमा लिएपछि २०१९ सालमा जारी संविधानमा नेपाललाई हिन्दू राष्ट्रका रुपमा उल्लेख गराएका थिए । भगवान गौतम बुद्धको जन्मभूमि नेपालको संविधानमै हिन्दू उल्लेख गराएको यो पहिलो संविधान हो । त्यस संविधानमा नेपाललाई एउटा स्वतन्त्र, अविभाज्य र सार्वभौमसत्ता सम्पन्न राजतन्त्रात्मक हिन्दू राज्य हो भन्ने परिभाषा गरिएको छ । पञ्चायती शासन व्यवस्था मात्र नभई २०४६ सालको जनआन्दोलनद्वारा बहुदलीय शासन व्यवस्थापछि बनेको २०४७ सालको संविधानले हिन्दू राष्ट्र भनि परिभाषा गरियो । तत्कालीन संविधान निर्माणमा संलग्न राजनीतिक दलका नेताहरुको विश्वको उत्कृष्ट संविधानका रुपमा व्याख्या गरिएको यस संविधानले पनि राष्ट्रको विशिष्ट धर्मका रुपमा हिन्दू धर्मलाई स्वीकार गरेर लोकतन्त्रको उपहास गरेको थियो । यसले बुद्ध धर्मावलम्बी लगायत अधिकांश जनतामा २०४७ सालको संविधानप्रति असन्तोषको विजारोपण गरेको थियो । नेपालमा विद्रोहको लागि उर्वरभूमि तयार गरिदिएको थियो । असमानता र विभेद गहिरिएको थियो ।

### धर्मनिरपेक्षताको माग

बुद्ध जन्मेको नेपालमा राज्यको एकात्मक र केन्द्रीकृत सोच र व्यवहारका कारण विभिन्न धर्मावलम्बीहरुसँगै बुद्ध धर्मावलम्बीहरु पनि बहिष्करणमा परिरहेको बेला त्यसको समाधान विश्वकै उत्कृष्ट संविधान दाबी गरिएको २०४७ सालको संविधानले पनि दिन सकेन । यसबाट प्रजातान्त्रिक शासन व्यवस्थामा पनि दोस्रो दर्जाका नागरिक सरह बुद्ध धर्मावलम्बीहरुले आफनै मुलुक भित्र समानताको अनुभूत गर्न सकेन । बौद्धहरुको आस्था, धरोहरुप्रति राज्यको उपेक्षा भाव रहिरहयो । मुसलमान, किराँत, इसाई लगायत अन्य धर्मावलम्बीहरुले पनि राज्यको मान्यताप्रति प्रश्न गर्न थाले ।

यही असमानता र विभेदको जगमा टेकेर भएको नेकपा माओवादीको दशवर्ष सशस्त्र द्वन्द र त्यसको जगमा भएको जनआन्दोलन २०६२/२०६३ बाट पुनस्थापित संसद्ले नेपाल अब धर्मनिरपेक्ष राष्ट्र हुनेछ भनि घोषणा गरियो । नेपालको अन्तरिम संविधानले नेपाल एक धर्मनिरपेक्ष राष्ट्र हुनेछ भनी उल्लेख गरियो । नेपाल एक धर्मनिरपेक्ष राष्ट्र घोषणा गरिएपनि नेपाली बौद्धहरुले व्यवहारत: धर्मनिरपेक्षताको अनुभूति गर्न सकेनन् । राज्यको कानुन प्रशासन हिन्दूहरुबाट विशेष प्रभावित रहेको छ । सरकारी सञ्चार माध्यमहरुमा हिन्दू धर्मलाई विशेष स्थान दिइएको छ । शिवरात्री र तीजको बेला सरकारी संचार माध्यम हेरे यो कुरो प्रष्ट हुन्छ । राज्यको कोष हिन्दू धर्मको विकासको लागि मात्र खर्च गरिरहेको छ । पछिल्लो पटक सरकारले कुम्भमेलाको लागि गरेको आर्थिक सहयोग हाम्रो सामु ताजा छ । त्यसैगरी समसमायिक नेपालमा हिन्दूहरुको प्रतीकहरुमा गाईको विशेष सुरक्षा व्यवस्था, दशै र हिन्दू चाडपर्वलाई राष्ट्रिय चाडको स्थान दिइएको छ । यसको प्रभावकारी कार्यान्वयन भएन । राज्यको सोच, संस्कार उही पुरानै पाइयो । राज्यको चरित्र बदलिएन । व्यवहारमा कागजी घोषणा मात्र भएको देखियो । पहिलो संविधानसभा र अहिलेको दोस्रो संविधानसभा धर्मनिरपेक्षता बारे खासै बहस भएको छैन ।

यसो हुनुमा राज्यको चरित्र त जिम्मेवारी थियो । थि अवसरलाई छोपेर सर्वधर्मको सहअस्तित्व सहित हिन्दुराष्ट्र बनाउनुपर्छ भनेर कतिपयले धर्मनिरपेक्षता विरुद्ध आन्दोलन गर्दै आएका छन् । नेपाललाई हिन्दू राज्य घोषणा गर्नेहरुमा आफूलाई लोकतान्त्रिक भन्ने दलका केही सदस्यदेखि परम्परावादी राजतन्त्रका हिमायती भनिनेहरु परेका देखिन्छन् ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (नेपाल) भने हिन्दूवादी

संवैधानिक राजतन्त्रका पक्षमा उभिँदै आएको छ भने बाँकी हिन्दू गणतन्त्रका पक्षमा बोल्नथालेका छन् । राप्रपा (नेपाल) बाहेक राप्रपा र राष्ट्रिय जनशक्ति पार्टीले धर्मनिरपेक्षताको सिद्धान्त छोडेको पाइन्छ । भारतीय जनता पार्टीका नेताहरुले पनि नेपाल हिन्दू गणतन्त्रका पक्षमा बोल्ने गरेका छन् । हामीले धर्मनिरपेक्षताको विषयमा बोलिरहँदा कसैलाई यो भान नपरोस् कि हामी हिन्दूहरुको विरोधमा छौं । हामी हिन्दू धर्म र हिन्दू धर्मावलम्बीहरुको विरोधमा नभई राष्ट्रलाई हिन्दूहरुको मात्र बनाउने धर्म सापेक्षको विरोधमा छौं । यसमा हामी बौद्धहरु स्पष्ट हुनु जरुरी छ ।

८१ प्रतिशत हिन्दू भएको मुलुकलाई धर्मनिरपेक्ष किन घोषणा गरिनुपर्‍यो भन्नेहरु निकै पाइन्छन् । राष्ट्रिय जनगणना २०६८ को आधारमा उनीहरुले यो दाबी गर्दै आएका छन् । वास्तवमा राष्ट्रिय जनगणनाको तथ्याङ्क मिथ्याङ्क हो । राष्ट्रिय जनगणनाको तथ्याङ्कलाई अविश्वसनीय, मिथ्याङ्क हो भनेर हामी बुद्ध धर्मावलम्बीहरु लगायत आदिवासी जनजाति र विभिन्न समूहहरुले विरोध गर्दै चुनौती दिंदै आएका छन् । वास्तवमा हिन्दू धर्मावलम्बीहरु बढेर चाहे ९० प्रतिशत होस् वा ३० प्रतिशत होस्, यसको आधारमा हिन्दू राष्ट्र हुने वा नहुने भन्ने होइन । नेपाल एक बहुभाषिक, बहुधार्मिक र बहुजातीय देश हो । यस हिसाबले लोकतान्त्रिक भावना अनुरुप राज्यप्रति सबैको अपनत्व भावको हिसाबले र समानताको सिद्धान्तको आधारमा धर्मनिरपेक्ष राष्ट्र हुनुपर्छ ।

अर्कोतर्फ नेपाल विश्वको एक मात्र हिन्दू राष्ट्र रहेकोले विश्वमा अलग पहिचान दिन पनि नेपाललाई हिन्दू राष्ट्रका रुपमा पहिचान कायम राख्नुपर्छ भन्ने हिन्दूराष्ट्रका पक्षधरहरुको मान्यता रहेको छ । यी दाबीहरु पनि लोकतान्त्रिक मान्यताका विपरीत छन् । वास्तवमा धर्मनिरपेक्षतासित जोडिएको अर्को पक्ष राष्ट्रिय एकता, अखण्डता हो, किनभने अब कुनै एक संस्था या व्यक्ति धार्मिक, सामाजिक या अन्य किसिमले एकताका प्रतीक मानिँदैन । यसको साटो एक व्यापक राष्ट्रिय आधार बनाउनुपर्ने भएको छ, जसमा सबै पक्षले आफनो भावनाको प्रतिनिधित्व भएको ठान्न सकुँन । यो भावनात्मक सम्बन्धसित राज्य जोडिएको छ । किनभने लोकतन्त्रमा सिद्धान्ततः जनता नै सर्वेसर्वा हुन्छन् । यस अर्थमा अबको राज्यको धर्मनिरपेक्षताको पक्षमा व्यापक जनचेतना जगाउनुपर्छ ।

***निष्कर्ष***

धर्मनिरपेक्ष जुनसुकै धर्म, जातीयता, लिङ्ग, जात र वंशको भएपनि कानुनका अघि सबै समान छन् भन्ने मान्यतासँग गाँसिएको छ । नेपालमा धर्मनिरपेक्षताको संवाद, लोकतन्त्र, स्वतन्त्रता, समानता र सामाजिक न्यायको छलफलसँग गाँसिएको छ । नेपाललाई बहुधार्मिक वा धर्मनिरपेक्ष राष्ट्रमा रुपान्तरित गरेपछि मात्र समतामूलक समाजको सम्भावना छ । अब बन्ने संविधान मार्फत यसको सुनिश्चितताको लागि बुद्ध धर्मावलम्वीहरु राजनीतिमा चासो राख्नुपर्छ । हामी बुद्ध धर्मावलम्बीहरु चासो राख्दैनौं । राजनीतिमा लाग्ने व्यक्तिहरुप्रति हाम्रो नराम्रो धारणा रहेको छ । धार्मिक व्यक्तिहरु राजनीतिमा लाग्नु हुँदैन भन्छौं । यो अवैज्ञानिक, अयथार्थपरक कुरा हो । तर जबसम्म राज्य रहन्छ तबसम्म राजनीति रहन्छ भन्ने कुरा हामीले बिर्सिनु हुँदैन । यसै राजनीतिले नै हाम्रो अधिकारलाई प्रत्याभूति गर्दछ । त्यसैले हामीले यसमा चासो, सहभागी हुनुपर्छ । हामी मध्ये कतिपय माओवादी, कोही काङ्ग्रेस र कोही एमाले होलान् । तर हाम्रो यस साझा मुद्दामा हामी सबै एकजुट भएर लाग्नुपर्छ ।

अर्कोतर्फ बुद्ध धर्मावलम्बीहरु माझ धर्मनिरपेक्षताको जागरण बारे व्यापक छलफल चलाईनुपर्छ । विहार, गुम्बा, बहाबहीमा धर्मनिरपेक्षता बारे व्यापक छलफल अन्तरक्रिया चलाउनुपर्छ । धर्मलाई पूजापाठमात्र नभइ अधिकारमुखी, सामाजिक सरोकार हिसाबले पनि अघि बढ्नुपर्छ । यसरी जागरण भएपछि राज्यको ध्यानाकर्षण गराउन, सरोकार देखाउन राज्यलाई दबाब दिन बौद्ध संङ्घ, संस्था र विहारविहारबीच सञ्जाल बनाउनुपर्छ । सञ्जाल मार्फत अघि बढे बौद्धहरुबीच मिलेर, एकिकृत रुपमा सशक्त रुपले अघि बढ्न सकिन्छ । महत्त्वपूर्ण कुरो बौद्धहरुबीच एकताको खाँचो छ ।

***भवन्तु सब्ब मङ्गल ◆***

*(प्रस्तुत लेखले मैत्रेय युवा संघ भक्तपुरले आयोजना गरेको २३ औं बौद्ध वक्तृत्वकला वर्षमा सर्वोत्कृष्ट स्थान हासिल गरेको थियो -सं.)*

गतिविधि

# मैत्रेय युवा संघबाट निःशुल्क स्वास्थ्य उपचार

मैत्रेय युवा संघ तथा सिद्धि स्मृति अस्पतालको संयुक्त आयोजनामा भूकम्प पीडितहरूको लागि निःशुल्क स्वास्थ्य उपचार र औषधि वितरण कार्यक्रम थथुबही जयकिर्ति महाबिहारमा सम्पन्न भयो ।

मैत्रेय युवा संघका उपाध्यक्ष तिर्थराज बज्राचार्यको संयोजकत्वमा सिद्धि स्मृति अस्पतालका डाक्टरहरू डा. गणेन्द्रभक्त राय-बाल रोग विशेषज्ञ, डा. विजय चिकबन्जार-मेडिकल अफिसर, डा. दिक्षित श्रेष्ठ, डा. रोजिना सुकुपायो तथा ५ जना नर्सहरूबाट २०० जना व्यक्तिको स्वास्थ्य परिक्षण गर्नु भएको थियो । मैत्रेय युवा संघका सदस्यहरूले स्वयम् सेवक भइ सहयोग गर्नु भएको थियो ।

जेठ १६ गते भूकम्प पीडित बाल बालिकाहरूको डर, त्रास हटाउनको लागि मैत्रेय युवा संघबाट ९ दिनसम्म चित्रकला, हस्तकला, खेलकुद, गीत, नृत्य, ध्यान सम्बन्धी मनोरञ्जनात्मक कार्यक्रम गरेका थिए । कार्यक्रम शिक्षिका रश्ना बज्राचार्यको संयोजकत्वमा भएको थियो ।

***स्वास्थ्य शिविरको लागि आर्थिक सहयोग गर्ने महानुभावहरू***

| | | |
|---|---|---|
| गणेश ज्यासपस: | हेम बज्रे बज्राचार्य | ५८००/- |
| | पद्म सुन्दर शाक्य | १०००/- |
| | सत्यलक्ष्मी रजिंत | ५००/- |
| | प्रकाश बज्राचार्य | ५००/- |
| | देवचन्द्र बज्राचार्य | ५००/- |

# थाइल्याण्ड र नेपाल भिक्षु संघद्वारा राहत वितरण

२०७१ बैशाख १२ गते गएको महाभूकम्पबाट पीडित परिवारका लागि थाइल्याण्डका भिक्षु संघ र नेपालका भिक्षु संघद्वारा संयुक्त रुपमा : टोखा, सिन्धुपाल्चोक, गोरखा, चित्लाङ, साखुँ, रानीवन, त्रिशुली आदि विभिन्न जिल्लामा राहत वितरण गर्दै आएको क्रममा भक्तपुर गरुडकुण्डमा तौलाछे पनि १५० भूकम्प पीडित परिवारलाई शान्त वातावरणमा राहत वितरण कार्य सम्पन्न भयो ।

थाइ भिक्षुहरू तथा नेपालका भिक्षु धम्मसोभन महास्थविर, भिक्षु सुमेध महास्थविर र भिक्षु निग्रोधको समुपस्थितिमा पीडित परिवारलाई चामल, चिउरा, नून, तेल र कम्बल वितरण गरिएको थियो । त्यस्तै थाइ डाक्टर र नेपाली डाक्टरहरूबाट निःशुल्क स्वास्थ्य शिविर र औषधि वितरण गरिएको थियो । त्यसबेला ८० जनाको स्वास्थ्य परीक्षण गरिएको थियो ।

उक्त कार्यक्रममा मैत्रेय युवा संघले स्वयं सेवकको भूमिका निर्वाह गरेका थिए । साथै विश्व शान्ति बिहारका भन्ते, गुरुमाँ, सुखि हेतु नेपालका पदाधिकारीहरू र गरुडकुण्डको टोल वासि तथा एभरेस्ट इङ्गलिस स्कूलका स्काउट विद्यार्थीहरूले पनि सहयोग गरेका थिए ।

# बुद्धजयन्तीया लसताय् दिपावली ज्याङ्ग्वः

ख्वप (सन्ध्या टाइम्स)/मैत्री युवा संघया ग्वसालय् थथुबहिली बुद्ध जयन्तीया लसताय् दिपावली न्यायेकेगु ज्या जुल । संघया नायः सत्यलक्ष्मी रञ्जितया सभापतित्वय् न्ह्याःगु उगु ज्याङ्ग्वलय् वंगु वैशाख १२ गते ब्वःगु तः भुखाचय् लानाः मदुपिनिगु आत्माया शान्तिया कामना यासें १ मिनेट मौन धारण यायेगु ज्या नं जूगु खः ।

संघया न्वकु तीर्थराज वज्राचार्य लसकुस यानादीगु उगु ज्याङ्ग्वलय् बौद्ध संघया नायः त्रिरत्न शाक्य, किंकिपाया नायः देवचन्द्र वज्राचार्य, नेपाल बौद्ध परम्परागत बुद्ध धर्म संघया छ्याञ्जे रविकिरण वज्राचार्य, युवा बौद्ध पुचःया नायः धर्मरत्न शाक्य व रत्नसुन्दर शाक्यपिंसिं तः भुखाय्या पीडित वर्ग दुःख सह याये फयेमा धकाः कामना यासें पीडितपिंततं सरकारं आर्थिक राहत ब्यंकेमाःगु बिचाः प्वंकादिल । ज्याङ्ग्वलय् संघया नायः सत्यलक्ष्मी रञ्जितं सुभाय् बियादीगु खः ।



नयाँ तथा पुराना कपडा पेली कपास सिरक, दस्ना, चकटी र तकिया बनाउनु परेमा साथै आवश्यकता अनुसार १ नं. २ नं. र ३ नं. कपास चाहिएमा जय ॐ कपास उद्योगलाई सम्झनुहोस् ।

यहाँहरूको सेवामा

**जय ॐ कपास उद्योग**

चोखा विनायक-४, कमलविनायक, भक्तपुर

बौद्ध साहित्यिक पत्रिका नियमित प्रकाशन गर्न सकोस् भन्ने कामना गर्दछ ।


साथै

विभिन्न किसिमका डाक्टरी औषधिको लागि कमलविनायक फर्मालाई सम्झनुहोस् आफूलाई लागेको रोग निको पार्नुस ।

**कमलविनायक फर्मा**

कमलविनायक, भक्तपुर

फोन नं. ६६१२०५८



विभिन्न प्रकारका खाजाको साथै स्वस्थ र सफा खानाको लागि विनायक फास्ट फुड एण्ड सेकुवा कर्नर सेवामा सधैं हाजिर छ। आउनुहोस् हामीलाई सेवा गर्ने अवसर दिनुहोस्।

**विनायक फास्ट फुड एण्ड सेकुवा कर्नर**

कमलविनायक-४, भक्तपुर, मो.नं. ९८४१५६३४५९

यहाँ विभिन्न प्रकारका खाजा पाउनुका साथै खानाको राम्रो व्यवस्था छ।

# त्रैमासिक "अर्हत" वर्ष ३, अंक १ देखि ४ सम्मको वार्षिक ग्राहक भई सहयोग गर्नुहुने महानुभावहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछ।

१) देवसुन्दर शाक्य भ.न.पा. ८ तुलाछें मो. ९८४१२८५५७८
२) सूर्यविनायक कोल्ड स्टोर भ.न.पा. १२ बोलाछें, फो. ६६१६६६६
३) कृष्णबहादुर सुवाल, सूर्यविनायक
४) सीताराम कुम्पाख, भ.न.पा. ५ भोलाछें
५) मानन्धर हार्डवयर् सेन्टर सूर्यविनायक फो. ६६१०९४४
६) लक्ष्मीभक्त कवां, सूर्यविनायक
७) भक्तपुर हार्डवयर् सेन्टर, सूर्यविनायक, फो. ६६१६२०५
८) तुल्सीभक्त अवाल, भ.न.पा. १०, व्यासी
९) सीताराम अवाल
१०) तुल्सीलाल बासुकला भ.न.पा. १०, व्यासी, मो. ९८५१०६२६८०
११) विष्णु सुवाल भ.न.पा. ९ चोछें, मो. ९८४१९८७३०३
१२) विरेन्द्र सुवाल भ.न.पा. ९ चोछें, मो. ९८४१६५४२२७
१३) श्री प्राथमिक विद्यालय भ.न.पा. ५, याछें
१४) श्री नवदुर्गा क्याटरिङ्ग सर्भिस भ.न.पा. १०, महाकालीस्थान
१५) केशव दिवाकर भ.ना.पा. ८, तुलाछें
१६) हरि अवाल, सूर्यविनायक
१७) दिपा प्रजापति, सूर्यविनायक
१८) आभा प्रजापति, सूर्यविनायक
१९) रुपा प्रजापति
२०) दिलसा
२१) गोपीकृष्ण प्रजापति भ.न.पा. ९ तुछिमला-आजीवन
२२) रुसा प्रजापति भ.न.पा १ च्याम्हासिंह
२३) दैव अवाल भ.न.पा. ५ तुछिमला
२४) काजीबहादुर अवाल भ.न.पा. ५ तुछिमला
२५) नारायणप्रसाद कर्माचार्य
२६) तुल्सीभक्त श्रेष्ठ भ.न.पा. ८ सुकुलढोका, फो. ६६१०६०८
२७) विवेकमान कर्माचार्य भ.न.पा. ८ तुलाछें मो. ९८५१०३३२५२
२८) न्हुछेकुमार अवाल भ.न.पा. ९ तुछिमला
२९) छुमा गणेश सहकारी
३०) दिपा प्रजापति, सूर्यविनायक गपली भ.न.पा. १४
३१) कृपा प्रजापति भ.न.पा. ९, तुछिमला
३२) ए एण्ड ए ट्रेडर्स भ.न.पा. ११ मो. ९८५१००४९०६
३३) चिभा ज्यासः भ.नपा. ८ तुलाछें मो. ९७४१०१३१५६
३४) रामहरि श्रेष्ठ
३५) श्री सत्यनारां अवाल भ.न.पा. ९ तुछिमला
३६) श्री सिद्धि कुमारं अवाल भ.न.पा. ४, कमलविनायक
३७) श्री हरिशरण अवाल भ.न.पा. ४ बेखाल
३८) रामकृष्ण अवाल भ.न.पा. ९ तुछिमला मो. ९८४१३९४९४०
३९) इन्द्रप्रसाद अवाल भ.न.पा. ४ मुल्ढोका
४०) रत्नायन ज्वलरी भ.न.पा. १५ खौमा मो. ९८४१२४६४९७
४१) सुकुल्ढोका तेल पसल भ.न.पा. ८ मो. ९८५११८३२९७
४२) प्रेमज्योत्ती शाक्य यागु ज्यासः भ.न.पा. ८ फो. ६६१३५५३
४३) देव फामेर्सी भ.न.पा. ८ सुकुल्ढोका फो. ६६१०७२४
४४) रामगोपाल सुवाल भ.न.पा. ८ सुकुल्ढोका
४५) कृष्णबहादुर श्रेष्ठ भ.न.पा. ९ सुकुल्ढोका फो. ६६१०९५३
४६) गणेश ज्यासः पसः A
४७) गणेश ज्यासः पसः B
४८) शुभकामना फोटोकपि भ.न.पा.११ साकोठ फो. ६६११०५५

४९) रामप्रसाद प्रजापति भ.न.पा. १ मो. ९८५१११९५५
५०) विश्वमोहन जोशी
५१) शिवबहादुर खुलीमुली, गुण्डु
५२) गणेश दुवाल, कमलविनायक
५३) सूर्यभक्त त्वाती, चित्तपोल
५४) उकेश क्वां, गोम्हारी
५५) समाज सुधार बचत तथा ऋण सहकारी संस्था लि., कटुंजे
५६) प्रकाश थुसा, भोलाछें
५७) पद्म बहादुर मानंधर, मुल्ढोका
५८) बाबुकाजी अमात्य, मुल्ढोका
५९) लक्ष्मीप्रसाद चवाल, भनपा -४, क्वाठण्डौ
६०) माधव सुवाल, भनपा-४, क्वाठण्डौ
६१) लक्ष्मीप्रसाद ह्यौमिखा, महालक्ष्मी मो.९८४१६९२५१२
६१) सुन्दर शाक्य, भनपा-४, क्वाठण्डौ
६२) रामशरण खानीबन्जार, भनपा-३, तिनाछें
६३) न्हुछेरत्न बुद्धाचार्य, भनपा-४, क्वाठण्डौ
६४) गम्भिरराज बज्राचार्य, भनपा-४, थालाछें
६५) प्रमोद उलक, भनपा-४, मूलढोका

## अनुरोध


बौद्ध दर्शन अध्ययन समाजको सहयोगार्थ प्रकाशित बौद्ध साहित्यिक पत्रिका 'अर्हत्' त्रैमासिकको ***वार्षिक तथा आजीवन ग्राहक*** भई सहयोग गरिदिनुहुन पाठकहरूमा हार्दिक अनुरोध गर्दछ ।

साथै निरन्तर प्रकाशनको लागि लेख-रचना तथा व्यवसायिक विज्ञापन दिई सहयोग गर्नुहुन हार्दिक अनुरोध गर्दछ ।

**बौद्ध दर्शन अध्ययन समाज**
भक्तपुर
Email: arhattraimasik@gmail.com



द.नं. : ९१८५९/०६७/०६८



चाइनिज अटोमेटिक मेशिनद्वारा ८० प्रेशरमा निकालिएको
चाइनिज इँटा तथा त्रिशुल ब्राण्डको
लोकल इँटाको लागि हामीलाई सम्झनुहोस् ।

श्री पलाञ्चोक भगवती ब्रिक इण्डष्ट्रिज प्रा.लि.

सम्पर्क नं. ०१-६६१८०७७
फ्याक्टि कार्यालयः काभ्रे, साठ्ठीघर-२
रजिष्टर कार्यालय : भक्तपुर, सूजनानगर

जि.प्र.का., भक्तपुर द.नं. १२६/२०६९/७०

# सफलताको शुभकामना

बौद्ध साहित्यिक पत्रिका अर्हत त्रैमासिक
नियमित प्रकाशनमा सफलता मिलोस् भन्ने कामना गर्दछौं ।

## सार्वजनिक माध्यमिक विद्यालय
### संयुक्त परीक्षा समिति, भक्तपुर

**वागीश्वरी उच्च माध्यमिक विद्यालय**
च्याम्हासिंह, फोन नं. ६६१४३९१, ६६१०२७०

**बासु उच्च माध्यमिक विद्यालय**
कालीघाट, फोन नं. ६६१५२५७, ६६१०६४८

**शारदा उच्च माध्यमिक विद्यालय**
यालाछेँ, फोन नं. ६६१०२०९

**आदर्श आजाद उच्च माध्यमिक विद्यालय**
भेलुखेल, फोन नं. ६६१०५८०

**चाँगुनारायण उच्च माध्यमिक विद्यालय**
दुवाकोट, फोन नं. ५०९०५६२

**देवी उच्च माध्यमिक विद्यालय**
सौडोल, फोन नं. ६९१३६०१

**समाजसुधार माध्यमिक विद्यालय**
तौलाछेँ, फोन नं. ६६१०८११

**गणेश माध्यमिक विद्यालय**
सिपाडोल, फोन नं. ६६१५२०७

**धौलागिरी उच्च माध्यमिक विद्यालय**
चाँगुनारायण, फोन नं. ६६१२६३३

**तारा माध्यमिक विद्यालय**
बोलाछेँ, फोन नं. ६६१११४४

**गणेश माध्यमिक विद्यालय**
छालिङ, फोन नं. ६६१४४९५

**जोरपाटी उच्च माध्यमिक विद्यालय**
नलिनचोक, फोन नं. ६५४०१५४

**भुवनेश्वरी माध्यमिक विद्यालय**
नंखेल, फोन नं. ६५४०२४२

**पञ्चकन्या माध्यमिक विद्यालय**
सुडाल, फोन नं. ६२१३७१०

**ज्योती माध्यमिक विद्यालय**
गुण्डु, फोन नं. ५०९०१८६

**गणेश माध्यमिक विद्यालय**
भार्वाचो, फोन नं. ६६१५९१२